का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० फागुन २०८२
बुधबार
4 March 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २४, अंक ४१। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



## चुनावको मुखमा पेट्रोल र ग्यासको अभाव

# आत्तिए उपभोक्ता



> निगमले आपूर्ति दोब्बर बढाएको छ। बिदाको दिनसमेत आपूर्ति व्यवस्था मिलाइएको हुँदा उपभोक्ता आत्तिनु पर्दैन।
>
> **मनोज ठाकुर**
> प्रवक्ता, नेपाल आयल निगम



> मध्यपूर्वको द्वन्द्वका कारण इन्धनको मूल्यवृद्धि हुन सक्छ। त्यसले उत्पादन लागत पनि बढाउन सक्छ।
>
> **रामशरण खरेल**
> कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



> सर्वसाधारणमा इन्धन अभावको मनोवैज्ञानिक त्रास देखिँदा सामान्य समयभन्दा खपत बढेको छ।
>
> **शिवप्रसाद घिमिरे**
> पेट्रोलियम व्यवसायी

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं १९, फागुन

देशभर चुनावी माहोल भइरहेका बेला मध्यपूर्व युद्धको असर नेपाली भान्सासम्म पर्न थालेको छ। इन्धन आपूर्ति प्रभावित हुने र मूल्यबृद्धि हुने भयले उपभोक्ताहरु पेट्रोल पम्पमा लाइन लाग्न थालेका छन्। आम उपभोक्ताले पेट्रोलियम पदार्थदेखि ग्याससम्म थुपार्न थालेपछि माग बढ्नुका साथै बजारमा अभाव देखिन थालेको छ।

मध्यपूर्वको युद्धसंगै निर्वाचनका क्रममा आवागमन बढ्नुका साथै र्‍यालीलगायतका गतिविधिले इन्धनको खपत बढेको देखिन्छ। युद्धबाट खाडी क्षेत्र प्रभावित रहेकाले लगत्तै आपूर्तिमा समस्या आउने ठानेर आइतबारदेखि नै उपभोक्ताहरु पेट्रोल पम्पमा लाइन लाग्न थालेका हुन्। त्यसो त, उपभोक्ताले सहज रुपमा ग्यास पाउन छाडेकै एक महिना भइसकेको छ।

ग्यासको मूल्य बढ्ने र अभाव गहिरिने डरले उपभोक्ताहरु नयाँ सिलिण्डरसमेत किनेर ग्यास थुपार्न थालेका छन्। बुधबारदेखि शनिबारसम्म बिदा भएकोले समेत उपभोक्ताले बिदामा इन्धन नपाइने हो कि भन्ने त्रासले इन्धनको जोहो गरिरहेका छन्।

आयल निगमले भारतीय आयल कर्पोरेसन (आईओसी) बाट नियमितभन्दा दोब्बर आपूर्ति भइरहेको जनाएको छ। पेट्रोलियम पदार्थको बिक्रीसमेत दोब्बरले खपत भइरहेको निगमले जनाएको छ। निगमका प्रवक्ता मनोज ठाकुरले आइतबार १६ लाख ५० हजार लिटर, सोमबार १३ लाख ९ हजार लिटर र मंगलबारसमेत १६ लाख ५० हजार लिटर पेट्रोल काठमाडौ उपत्यकाका लागि पठाएको जानकारी दिए। यस्तै बिदाको दिनसमेत आपूर्ति व्यवस्था मिलाइएकोभन्दै उपभोत्ता आत्तिनु पर्ने अवस्था नरहेको निगमको दाबी छ।

मध्यपूर्वमा बढ्दो तनावका कारण अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा उतारचढाव देखिएको छ। खाडी मुलुकमा इन्धन प्रशोधन केन्द्रमा इरानको आक्रमणले समेत विश्वभर इन्धनको आपूर्तिमै समस्या आउने आंकलन गरिएको छ। युद्धका कारण खाडी क्षेत्रमा प्रभाव पर्ने र ग्यासको आपूर्ति कटौती हुने त्रास नेपालमा समेत उस्तै छ।

नेपालमा पनि मूल्य बढ्ने र अभाव हुने डरले सर्वसाधारणले इन्धन थुपार्न थालेका छन्। तर, निगमले भारतबाट इन्धनको आयात नियमित भइरहेको र तत्काल अभाव नहुने जनाएको छ। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेल पनि मध्यपूर्वको द्वन्द्वका कारण इन्धनको मूल्यवृद्धि हुन सक्ने र त्यसले उत्पादन लागत बढाउन सक्ने स्वीकार्छन्।

पेट्रोलियम व्यवसायी शिवप्रसाद घिमिरेले मध्यपूर्वमा सुरु भएको युद्धका कारण सर्वसाधारणमा इन्धन अभावको मनोवैज्ञानिक त्रास देखिँदा सामान्य समयभन्दा खपत बढेको बताउँछन्। जाडो याम सकिँदै जाँदा ग्यासको खपत घट्ने भएकाले अब ग्यासको अभाव भने समाधान हुने उनको दाबी छ।

# ‘कत्लकी रात’को भय

मतदातालाई स्वतन्त्रपूर्व निर्णय गर्न दिने उद्देश्यका साथ लागू गरिएको मौन अवधिमा आर्थिक चलखेल जस्ता कार्यमार्फत मतदातालाई प्रभावित पार्ने गतिविधि बढ्ने भएकाले भारतमा चुनावको अघिल्लो रातलाई ‘कत्लकी रात’ भन्ने गरिन्छ।



> मौन अवधि उल्लंघन हुन नदिन राजनीतिक दलहरूसहित सबै सरोकारवाला पक्षलाई विशेष अनुरोध गरेका छौं।
>
> **नारायणप्रसाद भट्टराई**
> प्रवक्ता, निर्वाचन आयोग




**रूपेश आचार्य/मध्यान्ह**
काठमाडौं, १९ फागुन

प्रतिनिधिसभा सदस्यको निर्वाचन अन्तर्गत मुलक अति संवेदनशील अर्थात्, मौन अवधिमा छ। निर्वाचन आयोगका अनुसार आगामी बिहीबार मतदान सम्पन्न नभएसम्म राजनीतिक दल र उम्मेदवारको पक्षमा वा विपक्षमा प्रचारप्रसार गर्न पाइँदैन।

मौन अवधिमा आचारसंहिता पालनाको सन्दर्भमा निर्वाचन आयागले आफैं अनुगमन गरिरहेको छ। राष्ट्रिय मानव अधिकार आयोगले पनि विशेष टोली नै बनाएर निरिक्षण गरिरहेको छ। सुरक्षा निकायका चार वटै निकाय परिचालित छन्। ४३ वटा पर्यवेक्षण संस्था र संचारमाध्यमले समेत मौन अवधिमा हुन सक्ने कानुन विपरीतका कार्यको निगरानी गरिरहेका छन्।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भटराईकाअनुसार निर्वाचन अनुगमन समितिअन्तर्गत छुटै टोली बनाएर मौन अवधि उल्लंघन सम्बन्धी निगरानी र आवश्यकता अनुसार कारबाही पृष्ठ २ मा

## निगरानीमा सामाजिक सञ्जाल

राज्य प्रणाली कमजोर भएका र अविकसित अवस्थाका दक्षिण एसिया र अफ्रिकी मुलुकहरुमा भने मौन अवधि उलंघन व्यापक हुने गरेको छ। एक पुर्व निर्वाचन आयुक्तले यो समय कानुनमा व्यवस्था भए अनुसार ‘मतदातालाई निर्णय गर्न दिने’ नभइ निर्वाचनलाई आफ्नो पक्षमा पार्न जुनसुकै हर्कत गर्ने अवधि बनिरहेको बताउँछन्।

उनले भने, ‘अन्तिम अवधिमा पैसाको प्रयोगजस्ता गतिविधि बढ्ने भएकोले भारततिर चुनावको अघिल्लो रातलाई ‘कत्लकी रात’ नै भन्न थालिएको छ।’

नेपालको निर्वाचन पनि त्यस्ता गतिविधिहरु निर्वाचन स्वच्छ गराउने कुरामा बाधक बन्ने गरेका छन्।

‘हिजोअस्ति आचारसंहिता उल्लंघन गर्ने कस्ता-कस्ता गतिविधि भए देख्नुभएकै छ। मौन अवधि पालन गर्ने कुरामा पनि त्यस्तै प्रवृत्तिले समस्या ल्याउनसक्छ’, उनले थपे।

यद्यपी, २०४८ यताका हरेक निर्वाचनमा मौन अवधि पालन गराउने अधिकतम् प्रयास भने गरेको पाइन्छ।

ठूला र सत्तासिन दलहरुबाट गरिएका मौन अवधि उलंघन नियन्त्रण गर्न भने आयोगले सकेको देखिँदैन्। मौन अवधि पालना गराउन निर्वाचन आयोग, सुरक्षा निकाय र स्थानीय प्रशासनबिच राम्रो सहकार्य हुनुपर्ने पनि थपलिया बताउँछन्।

‘आचारसंहिता वा निर्वाचनसम्बन्धी कुनै पनि नियम कानुन तोड्दा गर्व गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्छ’, उनले भने।

सामाजिक सञ्जालको दुरुपयोग मौनअवधि उलंघन गर्ने सबैभन्दा सजिलो माध्यम बन्ने आयोगको चिन्ता छ।

यसै अवधिमा ‘फलानो उम्मेदवारले उम्मेदवारी फिर्ता लियो’ भन्ने प्रचार हुने वा ‘कसैले पैसा बाँड्यो’ भन्दै पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## पानी जहाजबाट उद्धारबारे भारतीय पक्षसँग छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

परराष्ट्रमन्त्री बालानन्द शर्माले मध्यपूर्व र खाडी देशहरूमा कार्यरत नेपालीलाई बाध्यात्मक अवस्था उत्पन्न भए समुद्री मार्गबाट घर फर्काउने विकल्पमा छलफल भइरहेको बताएका छन्।

बीबीसीसँगको कुराकानीमा उनले अहिले नै खाडीका देशमा रहेका नेपाली कामदारहरूलाई उद्धार गरिहाल्नुपर्ने अवस्था नदेखिएको बताए। हाल सो क्षेत्रमा वैधानिक हैसियतमा रहेका साढे १७ लाख बढी र अवैधानिक हैसियतमा रहेका गरी ठुलो संख्यामा नेपाली रहेका छन्।

परराष्ट्रमन्त्री शर्माले खाडीका मुलुकहरूमा रहेका नेपालीहरूलाई पृष्ठ २ मा

### युएई र कतारमा एक महिनाको ओभरस्टे जरिवाना माफी

**काठमाडौं/मस-** युनाइटेड अरब इमिरेट्स (युएई) र कतारले आगामी एक महिनाका लागि ‘ओभरस्टे जरिवाना’ माफ गरेका छन्। युएईस्थित नेपाली दूतावासले एक सूचना जारी गर्दै भिसाको म्याद सकिएर युएईमै ओभरस्टे भई बस्नु परेका नेपालीहरूलाई फेब्रुअरी २८ पछि जरिवाना नलाग्ने जनाएको छ।

कतारको आन्तरिक मन्त्रालयले सबै श्रेणीका इन्ट्री भिसा एक महिनाका लागि स्वतः नवीकरण गर्ने जनाएको छ। एक प्रेस विज्ञप्ति जारी गर्दै कतारले २८ फेब्रुअरी अर्थात् गत शनिबारदेखि लागू हुने गरी एक महिनाका लागि भिसा थप गरिएको जनाएको हो।

मन्त्रालयका अनुसार भिसा नवीकरण स्वीकृत विद्युतीय प्रणालीमार्फत स्वचालित रूपमा गरिने भएकाले यसका लागि सम्बन्धित व्यक्तिले शुल्क तिर्न र निवेदन पृष्ठ २ मा

## निर्वाचन बिथोल्न नक्कली बम र आगजनी

# हाई अलर्टमा सुरक्षा निकाय

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १९ फागुन

काठमाडौंको नैकाप र सुकेधारामा दुई वटा गाडीमा सोमबार आगजनी गरियो। सुकेधारामा बा ७ च १४०१ नम्बर र नैकापमा बीएए २८३६ नम्बरको भ्यानमा गरिएको आगजनीमा निर्वाचन बिथोल्ने अभियानमा लागेका दुर्गा प्रसाई समूहको संलग्नता रहेको प्रहरीको प्रारम्भीक अनुमान छ। आगजनीस्थलमा सो समूहको पर्चासमेत भेटिएको थियो। आगजनीमा संलग्नताको आरोपमा प्रहरीले सुर्खेतका २८ वर्षीय सुमन बोहरा र चन्द्रागिरि-६ का ५५ वर्षीय कृष्ण मिजारलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको जनाएको छ।

मधेश प्रदेशको धनुषा मिथिला नगरपालिका-९ बडहरीस्थित पूर्व-पश्चिम लोकमार्गको बडहरी पुलमा पनि शंकास्पद वस्तु पड्कियो। पुलबाट हिड्ने क्रममा हिँड्ने क्रममा खुट्टाले लाग्दा भएको बिष्फोटमा दुई जना बालबालिका घाईते भएका छन्। सो घटनामा मिथिला-८ जमुनिवासका टेकबहादुर भुजेलकी १५ वर्षीया छोरी आशा भुजेलको दुबै खुट्टामा चोट लागेको छ भने मामा घरमा बस्दैआएका ८ वर्षीय सुशील माझी घाइते छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी गणेशबहादुर बमले प्रारम्भिक अनुसन्धानका क्रममा पड्किएको वस्तु पट्का जस्तो देखिएको बताउँछन्। ‘पटकाजस्तो देखिने बस्तु पुलमाथि किन राखिएको थियो



भन्ने विषयमा अनुसन्धान भइरहेको छ,’ उनले भने ,‘तर्साउनलाई राखिएको सामान्य वस्तु हो।’

रौतहटको राजपुर नगरपालिका-३ को सडकछेउमा शंकास्पद वस्तु फेला पर्‍यो। जिल्ला प्रहरी प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालले सडकछेऊ भेटिएको शंकास्पद वस्तुबारे छानबिन भइरहेको र नेपाली सेनाको डिस्पोजल टोलीले डिस्पोज गरेको जनाए। पोखरा पनि त्यस्तै शंकास्पद बस्तुले केहीबेर तनावमा पर्‍यो। सेनाको टोलीले डिस्पोज गर्दा बिष्फोटक बस्तु भेटिएन्।

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन एक एकदिन बाँकी छँदा बिथोल्न चाहने समूहहरुले यस्ता अनेक हर्कत गरिरहेका छन्। मतदातालाई तर्साउने, निर्वाचन विथोल्ने खालका घटनाहरु फाटफुट रुपमा भइरहेको प्रहरीले जनाएको छ। निर्वाचनमा विथोल्ने र भ्रामक प्रचारप्रसार गरेकोभन्दै विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाई प्रहरीको नियन्त्रण छन्। उनले निर्वाचन भाँड्ने अभिव्यक्ति दिदैं आएका थिए।

निर्वाचनको लागि कडा सुरक्षा व्यवस्था गरिएकाले ढुक्कका साथ मतदान गर्न मतदातालाई गृहमन्त्रालयले अनुरोध गरेको छ। गृहमन्त्रालयका सहसचिव एंव प्रवक्ता आनन्द काफ्लेले नक्कली बम राख्ने तर्साउने निर्वाचनबिरोधी भएको पृष्ठ २ मा

## भ्रामक सूचनाको बाढी

मतदानको दिन नजिकिँदै जाँदा भ्रामक सूचना बढ्दो छ। मौन अवधिमा राजनीतिक दलका औपचारिक भेला र छलफल भएका छैनन्। तर, सामाजिक सञ्जालको दुरुपयोग भने भइराखेको गुनासो निर्वाचन आयोगमा समेत पुगेको छ। मौन अवधि अगाडि समेत सामाजिक सञ्जालमा भ्रामक सूचना फैलिएका थिए। त्यसले निरन्तरता पाइराखेको भनेर नेपाली कांग्रेसले विज्ञप्ति नै निकालेर सरकारको ध्यानाकर्षण गरेको छ।

निर्वाचन नजिकिँदै जाँदा मौन अवधिमा समेत उम्मेदवारहरू विरुद्ध भ्रामक सूचना, असत्य कथा र हेरफेर गरिएका भिडियोहरू सामाजिक सञ्जालमा सुनियोजित रूपमा फैलाइएको भनेर कांग्रेसले सरकार र र निर्वाचन आयोगको ध्यानाकर्षण गरेको हो।

निर्वाचन आयोगका अनुसार पनि भ्रामक सूचनाको बाढी नै छ। निर्वाचन आचारसंहितासँग सम्बन्धित १ हजार ६ सय बढी उजुरी निर्वाचन आयोग र यससँग सम्बन्धित कार्यालयमा पुगेका छन्। निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार केन्द्रमा ६१२ वटा उजुरी परेका छन् भने ९६ वटा स्पष्टीकरण सोधिएको छ। केहीलाई कारबाही समेत भएको छ।

जिल्ला आचारसंहिता अनुमगन समिति र अनुगमन अधिकृतसमक्ष एक हजार ७६ वटा बढी उजुरी परेका छन्। जिल्ला आचारसंहिता अनुमगन समिति र अनुगमन पृष्ठ २ मा



# रास्वपाका साहको उम्मेदवारी रद्द

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ फागुन

निर्वाचन आयोगले कर्जा सूचना केन्द्रको कालोसूचिमा परेका राष्ट्रिय स्वतन्त्र पार्टीका धनुषा क्षेत्र न. १ का उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज गरेको छ । आयोगले मंगलबार साहलाई पत्र पठाउँदै उम्मेदवारी खारेज गर्ने निर्णय भएको अवगत गराएको थियो ।

आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार, सामान्यतया उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्नुअघि कर्जा सूचना केन्द्रको कालो सूचिमा परे/नपरेको हेरिने भए पनि साहको हकमा ढिलोगरी उजुरी परेका कारण मंगलबार उम्मेदवारी खारेज भएको हो । मतदान भएपछि कालो सूचिमा परेको र साह निर्वाचित भएका भए त्यो विषय अदालतमा जाने जानकारी पनि उनले दिए । 'मतदान अघि नै कालो सूचिमा




परेको प्रमाणित भएका कारण आयोगले नै उम्मेदवारी खारेज गर्न सक्ने अवस्था बनेको हो', उनले भने ।

कर्जा सूचना केन्द्रको रेकर्डअनुसार उनी २०८० वैशाखदेखि कालोसूचीमा छन् । उनीमाथि १ करोड २५ लाख रुपैयाँको चेक बाउन्स र १२ करोड रुपैयाँ बराबरको पुल निर्माण आयोजना सात वर्षदेखि अलपत्र पारेको आरोप छ । साहको राजनीति २०७४ सालको निर्वाचनमा धनुषा १ (क) बाट नेकपा एमालेको प्रवेशसभा उम्मेदवार बन्दै सुरु भएको थियो । उक्त निर्वाचनमा विजयी भएका उनले २०७९ सालमा एमालेबाट टिकट नपाएपछि जनमत पार्टीबाट प्रतिनिधिसभा उम्मेदवार बनेका थिए । यसपटक जनमत पार्टीले टिकट नदिएपछि हालै रास्वपा प्रवेश उम्मेदवार बनेका थिए ।

'तपाई श्री किशोरी साह कम प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा १३ को खण्ड (ज) बमोजिम उम्मेदवार हुन अयोग्य रहेको ठहर गरी निर्वाचन आयोग ऐन, २०७३ को दफा ९को उपदफा (५) बमोजिम उम्मेदवारी खारेज गर्ने निर्णय भएको' उल्लेख छ ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले सो उजुरी ११ फागुनमा निर्वाचन आयोगमा पठाएको थियो । यसपछि आयोगले गत ११ फागुनमा उम्मेदवार साहसँग स्पष्टीकरण माग गरेको थियो ।

# ६ किसिमका परिचयपत्रमार्फत मतदान गर्न पाइने

**काठमाडौं /मस**–बिहीबार देशभर प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदैछ । निर्वाचन आयोगले तोकेका मतदान केन्द्रहरूमा देशभर बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदानको कार्य हुनेछ । मतदान गर्न जाँदा मतदाताहरुले परिचयपत्र खुल्ने कागजात बोकेर जानुपर्नेछ । निर्वाचन आयोगले मतदाता नामावलीमा नाम भएमा विभिन्न ६ किसिमका परिचयपत्रमार्फत मतदान गर्न दिने व्यवस्था गरेको आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिए ।

उनकाअनुसार निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता परिचयपत्र भए सोही कागजात प्रयोग गर्नुपर्नेछ । उक्त परिचयपत्र नभएको अवस्थामा नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र, राहदानी, सवारीचालक अनुमतिपत्र वा जग्गाधनी प्रमाणपत्र (लालपूर्जा) मध्ये कुनै एक कागजात साथमा लिएर मतदान गर्न सकिने व्यवस्था गरिएको उनले जानकारी दिए । उनले मतदातालाई आफ्नो परिचय खुल्ने काजजात लिएर निर्धारित



समयमा आफ्नै मतदान केन्द्रमा उपस्थित भइ मतदान गर्न आग्रह गरे । आयोगकाअनुसार मतदानमा सहभागी हुनुअघि मतदाताले आफ्नो मतदान केन्द्र सुनिश्चित गरी परिचय खुल्ने आधिकारिक कागजात अनिवार्य रूपमा साथमा ल्याउनुपर्नेछ ।

उनले मतदान केन्द्रमा पुगेपछि महिला र पुरुषका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गरिएको बताए । मतदाताले सम्बन्धित लाइनमा बसेर आफ्नो पालोअनुसार मतदान गर्नुपर्नेछ । आयोगले शारीरिक रूपमा अशक्त व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला र आफैँले मतदान गर्न कठिनाइ हुने व्यक्तिहरूका लागि विशेष व्यवस्था गरेको छ । यस्ता मतदातालाई लाइनमा बस्न नपर्ने गरी छुट्टै सहजीकरणको प्रबन्ध मिलाइएको सूचना अधिकारी घिमिरेले जानकारी दिए ।

शारीरिक रूपमा अशक्त व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवती तथा सुत्केरी महिला र आफैँले मतदान गर्न कठिनाइ हुने व्यक्तिहरूले मतदान अधिकृत, सहायक मतदान अधिकृत वा खटिएका कर्मचारी तथा स्वयंसेवकबाट आवश्यक सहयोग लिन सक्नेछन् । मतदान कार्यमा खटिएका कर्मचारीहरूलाई आयोगले पनि अशक्त तथा विशेष आवश्यकता भएका मतदातालाई सहज र सम्मानजनक वातावरणमा मतदान गराउने व्यवस्था मिलाउन निर्देशन दिएको घिमिरेले जानकारी दिए ।

# निर्वाचन ऐतिहासिक र भयरहित हुने राष्ट्रिय पर्यवेक्षकहरूको निष्कर्ष

**काठमाडौं /मस**–राष्ट्रिय पर्यवेक्षकहरूले प्रतिनिधि सभा सदस्य निर्वाचन विगतको तुलनामा शान्तिपूर्ण, भयरहित र मर्यादित हुने निष्कर्ष निकालेका छन् ।

निर्वाचन प्रचारप्रसारका क्रममा कुनैपनि ठूला झडप वा आचारसंहिताको गम्भीर उल्लंघन नभएको र उम्मेदवारहरू स्वयं अनुशासित देखिएकाले मतदान स्वच्छ र ऐतिहासिक हुने उनीहरूको विश्वास छ । नेपाल कानून समाज र आम निर्वाचन पर्यवेक्षण समिति (जिओक)ले देशभरका निर्वाचन क्षेत्रहरुमा गरेको अनुगमन र अवलोकनपछि बोल्दै पर्यवेक्षकहरुले मतदाताहरू सचेत रहेको र निर्वाचन आयोगको तयारी सन्तोषजनक रहेको समेत उल्लेख गरेका छन् ।

निर्वाचन पूर्वतयारी र प्रचारप्रसारको समग्र अवधिलाई सुक्ष्म रूपमा नियाल्दा राजनीतिक दल र उम्मेदवारहरूबीच कुनैपनि किसिमको भौतिक झडप वा गम्भीर विवाद नदेखिनुलाई पर्यवेक्षकहरूले सकारात्मक उपलब्धिका रूपमा लिएका छन् । उम्मेदवारहरू स्वयंले उच्च राजनीतिक संस्कार र



अनुशासन प्रदर्शन गरेको, निर्वाचन आचारसंहिताको पालनामा 'पेपरलेस' अभियानलाई प्राथमिकता दिएको र सानातिना प्राविधिक त्रुटिहरूलाई पनि डिजिटल माध्यम (ह्वाट्सएप) बाट प्राप्त जानकारीका आधारमा तत्कालै सच्याउने तत्परता देखाएको पाइएको पर्यवेक्षकहरुको भनाइ छ ।

लुम्बिनी प्रदेशको रुपन्देही लगायतका जिल्लाहरूमा गरिएको स्थलगत अवलोकनका क्रममा मतदाताहरूमा कुनैपनि किसिमको भय वा त्रास नदेखिएको र उनीहरू आफ्नो दैनिक दिनचर्याका साथै निर्वाचन प्रक्रियामा सचेततापूर्वक सहभागी भइरहेको देखिएको छ ।

निर्वाचन आयोगको व्यवस्थापन र मौन अवधिको शुरुवातसम्मको शान्त अवस्थाले यस पटकको मतदान स्वच्छ, धाँधलीरहित र ऐतिहासिक रूपमा सफल हुने बलियो आधार निर्माण गरेको भएपनि निर्वाचनको संवेदनशीलतालाई मध्यनजर गर्दै मतदान सम्पन्न नहुँदासम्म सरोकारवाला निकायहरूलाई पूर्ण सजग रहन पर्यवेक्षकहरूले आग्रह गरेका छन् ।

वरिष्ठ अधिवक्ता एवं राष्ट्रिय पर्यवेक्षक परशुराम कोईरालाले यस पटकको निर्वाचन मतदातामैत्री र भयरहित तरिकाले अगाडि बढेको बताए ।

उनका अनुसार राजनीतिक दलका उम्मेदवारहरूले आफूलाई अनुशासनमा राखेका कारण प्रचारप्रसारका क्रममा कुनै झडपका घटनाहरू भएका छैनन् । आचारसंहिता उल्लंघनका सन्दर्भमा पनि कुनै गम्भीर लिखित उजुरी नदेखिएको उनको भनाइ छ । सामान्य कुराहरू ह्वाट्सएपमार्फत जानकारी गराउँदा उम्मेदवारहरूले आफैँ सुधार गरेको उनले उल्लेख गरे ।

कानून व्यवसायी एवं राष्ट्रिय पर्यवेक्षक उषा मल्ल पाठकले लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा गरिएको पर्यवेक्षणका क्रममा निर्वाचनको वातावरण अत्यन्तै शान्तिपूर्ण पाइएको जानकारी दिइन् ।

उनले यस पटकको निर्वाचनमा 'पेपरलेस' आचारसंहिताको प्रभावकारी पालना भएको बताइन् ।

उम्मेदवारहरूले आपसी सहमतिमा प्रचारप्रसारको तालिका मिलाएका कारण झडप र गालीगलौज नभएको बताइन् । निर्वाचन ऐतिहासिक हुने देखिए पनि यो संवेदनशील विषय भएकाले मतदान नसकिँदासम्म सुरक्षा निकाय र सरोकारवालाहरू सजग रहनुपर्नेमा उनले जोड दिइन् ।

राष्ट्रिय पर्यवेक्षक हरिविनोद अधिकारीले मनोनयनको समयमा रहेको निर्वाचनप्रतिको शंका अहिले निवारण भएको बताए । निर्वाचन आयोगले तोकेको समयसीमाअनुसार तयारीहरू पूरा भएको र मौन अवधिको शुरुवातसम्म कुनैपनि अप्रिय घटना नभएको उनको भनाइ छ । विभिन्न जिल्ला र प्रदेशको अवस्थालाई विश्लेषण गर्दा यस पटकको निर्वाचन स्वच्छ, धाँधलीरहित र ऐतिहासिक रूपमा सफल हुने अधिकारीले दाबी गरे ।

यस पटकको निर्वाचन प्रचारप्रसारको शैली र उम्मेदवारहरूको अनुशासनले नेपाली लोकतन्त्र परिपक्व बन्दै गएको संकेत गरेको पर्यवेक्षकहरूको ठम्याइ छ । मौन अवधिको यो शान्त वातावरण मतदान नसकिँदासम्म कायम रहेमा यस पटकको निर्वाचन नेपालको इतिहासमै सबैभन्दा स्वच्छ र नमूना योग्य हुने विश्वास पर्यवेक्षकहरुले गरेका छन् ।

# निर्वाचन प्रहरीसहित दुई जनाको मृत्यु



**काठमाडौं/मस**–निर्वाचन प्रहरीसहित दुई जनाको मृत्यु भएको छ । कञ्चनपुरको पुनर्बास नगरपालिकामा खटिएका निर्वाचन प्रहरीको मंगलबार उपचारका क्रममा मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक हेमबहादुर शाहीका अनुसार लालझाडी गाउँपालिका-३ बल्मी घर भई पुनर्बास नगरपालिका-९ सिताबस्तीस्थित जीवनशक्ति आधारभूत मतदानस्थलमा खटिएका निर्वाचन प्रहरी ३५ वर्षीय मानसिंह रानाको मृत्यु भएको हो ।

सोमबार राति खाना पकाउने क्रममा बेहोस भएका उनको आज धनगढीस्थित निशर्ग अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । राना उच्च रक्तचाप र मधुमेह रोगबाट पीडित भएको पाइएको प्रवक्ता शाहीले बताए ।

यसैगरी मोटरसाइकल दुर्घटनामा एक युवकको मृत्यु भएको छ । बेदकोट नगरपालिकामा मोटरसाइकल अनियन्त्रित हुँदा भीमदत्त नगरपालिका-१८ भगतपुरका २३ वर्षीय निरज चौधरीको मृत्यु भएको हो ।

बेदकोट-७ गाउजीबाट सुडातर्फ आउँदै गरेका चौधरीले चलाएको म१प ८०४५ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको धनगढीस्थित मायामेट्रो अस्पतालमा आज मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ । सोही मोटरसाइकलमा सवार भगतपुरका २२ वर्षीय सागर चौधरी र १९ वर्षीय प्रमोद चौधरी घाइते भएका छन् । दुवै जनाको धनगढीमै उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार मोटरसाइकल अनियन्त्रित भई बिजुलीको पोलमा ठोक्किएको थियो ।

## कल्लकी...

गर्न खटाइएको हो । 'हामीले दलहरूलाई समेत मौन अवधि उलंघन हुन नदिन विशेष अनुरोध गरेका छौं', मध्यान्हसँग उनले भने ।

सबै जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजनमा निर्वाचन आचारसंहिता अनुगमन समिति बनाइएको छ । काठमाडौंमा सो समितिलाई एक जना उम्मेदवारले मौन अवधि सुरु भएपछि सामाजिक सञ्जालमा पोस्ट गरेको पाइएपछि हटाउन लगाइएको काठमाडौंका सहायक प्रजिअ मुक्ति रिजालले दिए । उनले उम्मेदवारको नाम भने सार्वजनिक गरेनन् । ' उम्मेदवारले भुल वश पोस्ट हुन गएको भनेपछि त्यसलाई हटाउन र आगामी समयमा सचेत हुन भन्यौं', रिजालले भने ।

निर्वाचन आयोगले मौन अवधिको पूर्ण पालना गराउन हरसम्भव प्रयास गरिएको बताउँदै उलंघन गर्नेलाई उम्मेदवारी खारेजी मात्र होइन्, ६ वर्षसम्म कुनै पनि चुनावी प्रक्रियामा सहभागी हुन नपाउने गरी कारबाही गर्ने प्रावधान रहेको स्मरण गराएको छ ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मंगलबार एक भिडिओ सन्देश जारी गर्दै कानुनबाट निषेधित काम गरिएको वस्तुगत प्रमाण भेटिए कारबाही गरिने बताए ।

'मौन अवधिमा जस्केलाबाट हुने काम अझ बढी हुन्छ भन्ने कुरो विभिन्न ठाउँमा चर्चा परिचर्चा छ । त्यस्ता अनियमित र अवैध कामहरू गर्न जो उद्धत हुन्छन्, ती व्यक्तिहरू पहिचान गरेर यदि त्यस्तो काम भएको छ भने जानकारी दिनुस् भनेर आयोगले पटक पटक सरोकारवाला सबैमा आग्रह गरिआएको छ', भिडियो सन्देशमा उल्लेख छ ।

पुर्व प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया मतदातालाई आत्ममन्थन गर्ने समय उपलब्ध गराउन मौन अवधि राखिने बताउँछन् । नेपालमा २०१५ सालको पहिलो आम निर्वाचन देखि नै मौन अवधिको अभ्यास भएको र कानुनमै व्यवस्था गरिएको पनि उनले बताए । 'दुई सातादेखि उम्मेदवारको कुरा सुनिरहेका मतदातालाई अन्तरआत्माको कुरा सुनेर कसलाई मतदान गर्ने भन्ने निर्णय गर्न सजिलो होस् भनेर मौन अवधी राखिएको हो', उनले मध्यान्हसँगको कुराकानीमा भने । यस्तो प्रचलन विश्वभर गोप्य मतदान सुरु भएदेखि नै गरिएको हो । गोप्य मतदान सुरु गर्ने देशहरूमा अग्रणी मानिने अष्ट्रेलियाले सबैभन्दा पहिले सन् १८६४ मा मौन अवधिको व्यवस्था गरेको थियो । त्यसपछि सन् १९५० को दशकबाट मतदानअघिको मौन अवधि विश्वव्यापी बन्यो । यद्यपि, संयुक्त राज्य अमेरिकालगायतका केही मुलुकमा भने यस्तो व्यवस्था पाइदैन ।

## निगरानीमा...

नक्कली फोटो वा भिडियो प्रसार हुनसक्ने खतरासमेत छ । २१ फागुनको निर्वाचनका लागि राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसारको अवधि सोमबार मध्यरातदेखि नै सकिएको छ ।

निर्वाचन आयोगले राजनीतिक दल तथा उम्मेदवारलाई यही फागुन ४ गतेदेखि सोमबार मध्यरात १२ बजेसम्म प्रचारप्रसारको समय दिएको थियो ।

निर्वाचन कानुन अनुसार मतदान हुनु ४८ घण्टाअघिदेखि मतदान सम्पन्न नभएसम्म कायम हुने मौन अवधिमा प्रचारप्रसार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्नेगरी कुनै पनि गतिविधि गर्न नपाइने व्यवस्था छ। मौन अवधिमा मत माग्न, पोष्ट गर्न, निर्वाचनलाई प्रभाव पार्नेगरी हिँडडुललगायतका क्रियाकलाप गर्न समेत पाइदैन । निर्वाचन आचार संहिताको बुँदा नं.१३ (म)मा 'निर्वाचनको प्रसारप्रचारका सबै कार्य मतदान सुरु हुनुभन्दा ४८ घन्टा अघिसम्म मात्र' गर्न सकिने उल्लेख छ ।

## पानी...

ओमान ल्याएर त्यहाँबाट जलमार्ग हुँदै भारत र त्यसपछि स्वदेशसम्मको यात्राको मार्गबारे विचार गरिएको बताए ।

मन्त्री शर्माले यस विषयमा परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समन्वयात्मक रूपमा योजना बनाइरहेको बताए ।

मन्त्री शर्माले खाडी र मध्यपूर्वका सबै देशका दूतावासहरूलाई त्यहाँ रहेका नेपाली समुदायसँग सम्पर्कमा रहन निर्देशन दिइएको भन्दै 'समन्वयात्मक ढंगले उद्धार योजना' पनि बनिरहेको जानकारी दिए ।

धैरैवटा मुलुक भएपनि भौगोलिक क्षेत्रफल हेर्दा लामो नभएको भन्दै मन्त्री शर्माले हाल खुला रहेका साउदी अरेबिया र ओमानको विमानस्थल पुग्न बाहराइन, कुवेत, युएई र कतारबाट चार घण्टामा पुग्न सकिने समेत उल्लेख गरे । उनले आवश्यक परे आन्तरिक सडक मार्गबाट ओसारेर पनि उद्धार गर्न सकिने बताएका छन् ।

## युएई...

दिनुनपर्ने बताएको छ । तर २८ फेब्रुअरीभन्दा अगाडि ओभरस्टे भएकाको भने जरिवाना तिर्नुपर्ने छ । युएईस्थित नेपाली दूतावासले अतिरिक्त जरिवाना नलाग्ने भएकाले संयमता अपनाइ अनलाइन पोर्टलमार्फत आफ्नो अवस्था जानकारी गराउन अनुरोध गरेको छ ।

शनिबार संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि हवाई आक्रमण गरेपछि अहिले खाडी मुलुक तनावग्रस्त अवस्थामा छन् ।

वैदेशिक रोजगारमा रहेका करिब २० लाख नेपालीको भविष्यसँगै रेमिट्यान्समा निर्भर नेपाली अर्थतन्त्र पनि प्रभावित हुने आकलन गरिएको छ । हालसम्म युएईको आबुधाबीस्थित जायद अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा मिडल इस्ट कम्पनीमा सुरक्षा गार्डमा कार्यरत गोरखाका २९ वर्षीय दिवस श्रेष्ठले ज्यान गुमाएका छन् । अन्य नेपाली त्रासमा भएपनि सुरक्षित रहेका छन् ।

शनिबार अमेरिका र इजरायलले गरेको आक्रमणमा इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीको मृत्यु भएपछि मध्यपूर्वमा द्वन्द्व फैलिएको छ । यो युद्ध कति लामो समय जारी रहन्छ र त्यसले विश्व अर्थतन्त्रका लागि कति घातक परिणाम निम्त्याउन सक्छ भन्ने विषयमा अहिले विश्वभर आकलन सुरु भएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानीहरूले सरकारलाई उल्टाउने समय आएको बताएका छन् । यसले इरानमाथि अमेरिकी थप आक्रमणको आशंका बढाएको छ । इरानले इजरायल, बहराइन, कुवेत, कतार, युएई, जोर्डन, साउदी अरेबिया, साइप्रस र होर्मुज जलडमरूबाट गुज्रने जहाजहरूलाई लक्षित गर्दै क्षेत्रभरि क्षेप्यास्त्र र ड्रोन प्रहार गरेर प्रतिक्रिया जनाएको छ ।

लेबनानको इरान समर्थित शिया मुस्लिम मिलिसिया समूह हेजबुल्लाहले लेबनानमा रहेको आफ्नो आधारबाट इजरायलमा रकेट प्रहार गर्दै लडाइँमा सामेल भएको छ ।

अमेरिका र इजरायलले शनिबार इरानको क्षेप्यास्त्र पूर्वाधार, सैन्य स्थल र वरिष्ठ नेताहरूलाई लक्षित गर्दै व्यापक आक्रमण गरेका थिए । १९८९ देखि इरानको नेतृत्व गरिरहेका खामेनीको पहिलो लहरको आक्रमणमा तेहरान परिसर ध्वस्त हुँदा मृत्यु भएको थियो ।

इजरायल रक्षा बलले रक्षा परिषद् सचिव अली शामखानी, रक्षामन्त्री ब्रिगेडियर जनरल अजिज नासिरजादेह र कमाण्डर जनरल मोहम्मद पाकपुरसहित शक्तिशाली इस्लामिक रिभोलुसन गार्ड कोर्प्सभित्रका दर्जनौं वरिष्ठ इरानी राजनीतिक व्यक्तित्व र नेताहरू पनि मारिएको बताएको छ ।

## हाई...

बताउँछन् । 'केही व्यक्तिहरु चुनाव भाँड्नका लागि नक्कली बम राख्ने, निर्वाचन सम्बन्धी नकारात्मक प्रभाव पार्ने गतिविधि गरेका छन्,' उनले भने, 'यस्ता गतिविधिले निर्वाचनलाई केही असर गर्दैन् । हामीले तत्कालै पक्राउ गरेर कार्बाही गरिसकेका छौं ।'

निर्वाचन आचारसंहिता लागु भएपछि १ सय ४२ जना बिरोधीहरुलाई कार्बाही गरिसकेको उनले बताए । निर्वाचन सुरक्षामा गृह मन्त्रालय सचेत रहेको र हाई अलर्टमा रहेको हुँदा ढुक्क भएर मतदान गर्ने बातावरण सिर्जना गरेको उनले बताए । 'सुरक्षाकर्मीसहित मतदान अधिकृत, मतपत्रहरु मतदान स्थलमा पुगिसकेको छन्,' उनले भने, 'एकीकृत सुरक्षा प्रणालीअर्न्तगत सुरक्षा व्यवस्था गरिएको छ ।'

सोही अनुसार सुरक्षा गस्ती, सुरक्षाकर्मी परिचालन भईरहेको काफ्लेले बताए ।

जिल्लाहरुमासेना, सशस्त्र तथा नेपाल प्रहरीले निर्वाचनका लागि आवश्यक शान्तिसुरक्षा र भयरहित वातावरण बनाउन संयुक्त गस्ती गरिरहेको नेपाल प्रहरीले जनाएको छ । निर्वाचनलाई प्रभाव पार्ने गरी विभिन्न सामाजिक सञ्जालहरूमा भिडियो अपलोड तथा सेयर गरी झुट्टा अफबाह फैलाउने ३२ जनालाई प्रहरीले पक्राउ गरिसकेको छ ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले निर्वाचनलाई विथोल्नको लागि अराजक तत्वहरुले नागरिकहरुको मनोबैज्ञानिक त्रास उत्पन्न गरेको बताउँछन् । 'निर्वाचनसम्वन्धी अपवाह फैलाउँने, शंकास्पद वस्तु राख्ने काम दुर्गा प्रसाई र केही अराजक व्यक्तिहरुबाट भईरहेको छ,' उनले भने, 'जसले प्रहरीको सुरक्षालाई चुनौति दिएको छ, त्यस्ता अराजकता गर्ने व्यक्तिलाई हामीले कानुनी कार्बाहीको दायरा लिएका छौ ।'

निर्वाचन भाडने अराजक तत्वलाई प्रहरीले गम्भिर रुपमा लिएर निगरानी बढाएको उनले बताए । निर्वाचन हुनुअघि, निर्वाचनको बेला र निर्वाचनपछि अपनाउनुपर्ने सुरक्षा सतर्कता अपनाउन प्रहरी कर्मचारीहरूलाई निर्देशन दिएको उनले बताए ।

## भ्रामक...

अधिकृतसमक्ष परेका त्यसमध्ये ९९ प्रतिशत उजुरी फछ्र्यौट भएका छन् ।

प्रदेशगत रुपमा हेर्दा सबैभन्दा धेरै लुम्बिनी प्रदेशमा २४४ वटा उजुरी परेका छन् भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ९६ उजुरी परेका छन् । प्राप्त उजुरीमध्ये ९ प्रतिशत लिखित र ९१ प्रतिशत टेलिफोन, एसएमएसलगायत अन्य स्रोतबाट प्राप्त भएका हुन् ।

प्राप्त उजुरीमध्ये सबैभन्दा धेरै सामाजिक सञ्जालको दुरुपयोग गरेको, तोकिएको आकारभन्दा ठूला तुल ब्यानर र झण्डा प्रयोग गरेको, शिक्षक तथा कर्मचारीहरू र स्थानीय जनप्रतिनिधिहरू प्रचारप्रसारमा हिँडेको, सार्वजनिक स्थान र सवारीसाधनमा झण्डा टाँगेको, अनुमति नलिएका सवारी साधन प्रयोग गरेको लगायतका रहेका छन् ।

# ‘सुरक्षा व्यवस्था चुस्त छ, निर्धक्क भएर मतदान गर्नुस्’

**काठमाडौं/मस–** नेपाली सेनासहितका सुरक्षा निकायले सुरक्षा व्यवस्था चुस्त तुल्याइएका निर्धक्क भएर प्रतिनिधिसभा सदस्य निर्वाचनमा सरिक हुन आममतदातालाई अनुरोध गरेका छन् ।

सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेतले एकीकृत सुरक्षा अवधारणाअनुरूप सबै निकायसँग समन्वय र सहकार्य गरी निर्वाचनलाई सुरक्षित तरिकाले सम्पन्न आवश्यक तयारी र तैनाथी भइसकेको स्पष्ट पारेका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचनको पूर्वसन्ध्यामा आज राससरसँगको कुराकानीमा उनले सुरक्षित वातावरणमा निर्वाचन सम्पन्न गराउन नेपाली सेनासहितका सुरक्षा फौज परिचालित भई कार्य क्षेत्रमा खटिइसकेको बताए ।



यही फागुन २१ गते मुलुकभर एकैचरणमा प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ। निर्वाचन सुरक्षाका लागि ७९ हजार ७ सय २७ नेपाली सेना, ७५ हजार ७ सय ९७ नेपाल प्रहरी, ३४ हजार ५ सय ६७ सशस्त्र प्रहरी बल, एक हजार ९ सय २१ राष्ट्रिय अनुसन्धानका कर्मचारी र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले देशभरका सबै मतदान स्थलमा निर्वाचन अधिकृत, निर्वाचन सामग्रीसहित नेपाल प्रहरीको टोली पुगिसकेको जानकारी दिए ।

मौनअवधिमा निर्वाचन विरोधी गतिविधि गर्ने, सामाजिक सञ्जालको दुरूपयोगलगायतका गतिविधि रोक्न सम्पूर्ण प्रहरीलाई विशेष निर्देशन दिइएको जानकारी दिँदै उनले त्यस्ता गतिविधिमा लाग्ने व्यक्तिको पहिचान, नियमन र नियन्त्रण गरी संलग्नलाई कारबाही गर्न खटाइसकेको बताए ।

प्रवक्ता काफ्लेले निर्धक्क भएर अमूल्य मत दिन आग्रह गर्नुभयो । उहाँका अनुसार देशभर २ सयको संख्यामा रहेका साइबर प्रहरीले सामाजिक सञ्जालको निगरानी गरी त्यसखालको दुरूपयोग हटाउन सक्रिय रहेका छन् । त्यसक्रममा ३४ जना पक्राउ परेका छन् ।

निर्वाचन विरोधी गतिविधिमा संलग्न पनि धमाधम पक्राउ परिरहेको प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल नेपालका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्ट चारवटै सुरक्षा निकाय निकाय समन्वयात्मकरूपमा परिचालित भई सुरक्षा व्यवस्था मजबुद बनाइएको बताए । ‘धेरै स्थानमा गस्ती तथा ‘चेकप्वाइन्ट’मार्फत निर्वाचन विरोधी गतिविधि रोक्न परिचालित भएका छौं’, उनले भने ।

सूचनाको विश्लेषण गरी एकीकृत सुरक्षा योजनाअनुसार थप सुरक्षा व्यवस्था मिलाइएको जानकारी दिँदै प्रवक्ता भट्टले ढुक्क भएर आफ्नो मताधिकार प्रयोग गर्न अनुरोध गरे । एक सय ६५ वटै निर्वाचन क्षेत्रमा सशस्त्र प्रहरीको सुरक्षा वेस स्थापना भएका छन् । फागुन ७ गतेदेखि सबै क्षेत्रमा नियमित गस्ती टोली खटिइएका छन् । यसअघिको निर्वाचनको संवेदनशीलता हेरेर सुरक्षा विश्लेषण गरी मजबुत तुल्याइएको प्रवक्ता भट्टले जानकारी दिए । यस्तै सीमावर्ती क्षेत्रमा हुनसक्ने अवाञ्छित गतिविधि रोक्न विशेष निगरानी गरिएको र सोमबार रातिदेखि अन्तर्राष्ट्रिय सीमानाका बन्द भएको उनले जानकारी दिए ।

**धमाधम मतदान केन्द्र व्यवस्थापन गरिदै**

यसैबीच, मतदान कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मीसहितको टोली आज मतादन केन्द्र व्यवस्थापनमा जुटेको छ । निर्वाचनका लागि प्राप्त निर्वाचन सामग्री र स्थानीय स्रोतसाधन संकलन गरी मतदान केन्द्र र मतदान स्थल निर्माण गरिएको छ ।

कतिपय स्थानमा मंगलबार सर्वदलीय बैठकसमेत सम्पन्न भएका छन् । काठमाडौंका मुख्य निर्वाचन अधिकृत चुरामन खड्काले मतदान केन्द्र निर्माण, सर्वदलीय बैठकलगायतका व्यवस्थापकीय काम धमाधम भइरहेको जानकारी दिए ।

उनले भने, ‘सम्पूर्ण मतदान अधिकृतले मतदान सामग्री सम्पूर्णरूपमा बुझिसकेका छन् । बुधबार सबै मतदान केन्द्र तयार हुन्छन् । फागुन २१ गते बिहान ७ बजेदेखि साँझ ५ बजे बजेसम्म मतदान हुनेछ ।’

# ११ दल र एक हजार ९ सय ८६ उम्मेदवारले मात्र खोले बैंक खाता

**काठमाडौं/मस–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४०६ प्रत्यक्ष उम्मेदवारमध्ये एक हजार ९ सय ८६ जना उम्मेदवारले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगले जनाएको छ ।



मतदानको दिन आउन दुई दिन मात्र बाँकी हुँदासम्म अझै एक तिहाइ उम्मेदवारले खाता खोल्न बाँकी छ । निर्वाचनमा भाग लिएका ६५ दलमध्ये ११ दलले मात्र खाता खोलेका छन् । आजसम्म खाता खोल्ने दलहरूमा नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी रहेको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले बताइन् । निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवार हरूले समेत कार्यविधि अनुसार निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार सोही खातामार्फत हुने व्यवस्था गरिएको छ । यही व्यवस्थाअनुसार दल र उम्मेदवारले खाता खोलेका हुन् ।

# सिंहदरबार आगजनीमा संलग्न १३ जनाविरुद्ध मुद्दा दायर



**काठमाडौं/मस–** जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले उपत्यका भित्रका प्रहरी कार्यालय, अदालत र सिंहदरबारमा आगजनी गरेको अभियोगमा १३ जनाविरुद्ध मुद्दा दायर गरेको छ ।

जेनजी आन्दोलन भड्किँदा भदौ २४ गते राज्यका महत्वपूर्ण निकायमा तोडफोड र आगजनी गरेको उनीहरुमाथि अभियोग लगाइएको छ । काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक श्रेष्ठका अनुसार, सिंहदरबारमा आगजनीमा संलग्न आशिष गुरुङविरुद्ध आपराधिक उपद्रो र डाँका सम्बन्धी कसुरमा मुद्दा दायर गरिएको छ । त्यस्तै, सर्वोच्च अदालतमा आगजनी गरेकोभन्दै सुनिल श्रेष्ठ, ज्योति थापा, विनोदकुमार थापा मगर, कुमार पराजुली र राजु परियारविरुद्ध पनि मुद्दा चलाइएको छ । उनीहरूविरुद्ध पनि आपराधिक उपद्रो मच्चाएको अभियोग छ ।

सर्वोच्च अदालतले नै भदौ २४ गतेको घटनामा संलग्न व्यक्तिहरूको अनुसन्धान गरी कारबाहीको माग गर्दै काठमाडौं प्रहरी परिसरमा जाहेरी दिएको थियो । जाहेरीका आधारमा गरिएको अनुसन्धानपछि उनीहरूसँग सम्बन्धित मुद्दा दायर गरिएको हो । अभियोग पत्र अनुसार, उनीहरुले सर्वोच्च अदालतमा आगजनी गरेर एक अर्ब २३ करोड ६२ लाख ३८ हजार रुपैयाँ बराबरको क्षति पुर्‍याएको छ । त्यसैगरी, प्रहरी वृत्त बौद्धमा तोडफोड गरेको आरोपमा समीर श्रेष्ठ र सुनिल तामाङविरुद्ध पनि मुद्दा चलाइएको छ । प्रहरी प्रभाग बलम्बुमा तोडफोड गरेको अभियोगमा निखिल कुसुले, सोहन चौधरी, विवेक रोक्का र छत्रबहादुर विकविरुद्ध पनि मुद्दा चलाइएको छ ।

प्रतिवादीहरूलाई सरकारी वकिल कार्यालयले हाजिर जमानीमा रिहा गरेको छ । अब उनीहरूसँग म्याद जारी गर्नका लागि अदालतमा प्रक्रियाको कुरा गरिएको अधिकारीले जानकारी दिएका छन् । सरकारी वकिल कार्यालयले विष्णुप्रसाद ढुंगोलविरुद्ध भने मुद्दा नचल्ने निर्णय गरेको छ । उनलाई घटनास्थलमा उपस्थित भएको भिडियो र अन्य प्रतिवादीहरूले पोल नगरेको कारण मुद्दा नचल्ने निर्णय गरिएको हो ।

# निर्वाचन आचारसंहिता उल्लंघन गर्ने ९५ लाई आयोगले सोध्यो स्पष्टीकरण

**काठमाडौं/मस–** केन्द्रीय आचारसंहिता अनुगमन समितिमा हालसम्म प्राप्त भएका ४ सय ५४ उजुरीमध्ये ९५ लाई स्पष्टीकरण सोधिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारहरूलाई स्पष्टीकरण सोधिएकोमा ६२ वटाको जवाफ प्राप्त भएको निर्वाचन आयोगले जनाएको छ । हालसम्म ८९ जनालाई स्पष्टीकरण र छ जनालाई पुनः स्पष्टीकरण सोधिएको आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् । पुनः स्पष्टीकरण सोधिएका छ जनामध्ये पाँचवटाको जवाफ प्राप्त भएको छ । आयोगले अहिलेसम्म तीन जनालाई ताकेता पत्र लेखेको छ । ताकेतामध्ये एउटाको जवाफ प्राप्त भएको छ । स्पष्टीकरण सोध्दा पनि चित्तबुझ्दो जवाफ प्राप्त नभएपछि आयोगले आठ जनालाई कारबाही गरेको पनि उनले सुनाइन् ।




आयोगले निर्वाचन आचारसंहिता उल्लंघन गरेको भनी उजुरी परेका राजनीतिक दल, उम्मेदवार, सरकारी एवं गैरसरकारी संस्था, सञ्चारमाध्यम र पत्रकारलाई पनि स्पष्टीकरण सोधेको हो । दर्ता भएका सञ्चारमाध्यम र त्यहाँ आबद्ध पत्रकारलाई भने प्रेस काउन्सिल नेपालमार्फत स्पष्टीकरणलगायत कारबाहीका लागि लेखी पठाइएको छ । निर्वाचन विश्लेषणका नाममा मत सर्वेक्षण गरेर दल र उम्मेदवार विशेष निर्वाचित हुँदै भनी समाचार सामग्री प्रकाशन गर्ने सेतोपाटी अनलाइनलाई पनि प्रेस काउन्सिलमार्फत नै स्पष्टीकरण सोधिएको छ ।

जिल्लास्तरमा समेत निर्वाचन आचारसंहिना उल्लंघनविरुद्धका उजुरी प्राप्त भई आवश्यक कारबाही भइरहेको छ । निर्वाचन आचारसंहिताको प्रभावकारी परिपालना गराई उल्लंघनका घटनालाई न्यूनीकरण गर्न आयोगले प्राप्त उजुरीमा आवश्यक जाँचबुझ र कारबाहीको प्रक्रिया अघि बढाइरहेको छ । प्राप्त भएका ६२ वटा जवाफको थप अध्ययन भइरहेको पनि आयोगले जनाएको छ । आचारसंहिताको प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन समिति, जिल्ला आचारसंहिता अनुगमन अधिकृत तथा सम्बन्धित निर्वाचन कार्यालयह क्रियाशील रहेको कानुन अधिकृत मोहनराज जोशीले बताए ।

जिल्लास्तरमा आचारसंहिता अनुमगनलाई प्रभावकारी बनाई कार्यान्वयन सुनिश्चितताका लागि निर्वाचन आचारसंहिता, २०८२ को दफा ३२ बमोजिम ७७ वटै जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारीलाई आर्थिकबाहेकका अन्य विषयमा र प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रकलाई आर्थिक विषयमा अनुगमन गर्न आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ । छोटो समयमै सबै जिल्लामा सरोकारवालाहरूलाई आचारसंहिताबारे जानकारी गराउने र आचारसंहिता पालना गर्ने प्रतिबद्धता गराउने कार्य प्रभावकारी रूपमा भइरहेको आयोगले जनाएको छ । जिल्लास्तरमा आएका उजुरीका सम्बन्धमा जिल्लाबाटै स्पष्टीकरण सोधी जवाफ माग गरेर दोषी देखिएकालाई कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको पनि जनाइएको छ ।

जिल्ला, जिल्लामा गरी हालसम्म एक हजार ७६ वटा उजुरी प्राप्त भएकामा एक हजार ६१ वटाको फछ्र्योट गरिएको आयोगले जनाएको छ । राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिता, २०८२ उल्लंघन गरे भनी लुम्बिनी प्रदेशका जिल्लामा बढी उजुरी प्राप्त भएको जनाइएको छ ।

# भक्तपुरबाट राइफल र गोलीसहित एक जना पक्राउ



**भक्तपुर/मस–** सशस्त्र प्रहरी बल इन्टेलिजेन्ट ब्यूरोको टोलीले सूर्यविनायक नगरपालिका-८ सिपाडोलस्थित गणेश बस्तीबाट हतियारसहित एक जना पक्राउ परेका छन् ।

भक्तपुर जिल्ला प्रहरी परिसरका प्रहरी नायब उपरीक्षक प्रकाश जबेगका अनुसार गोरखा पालुङटार नगरपालिका-९ का स्थायी बासिन्दा हाल सूर्यविनायक नगरपालिका-८ भुम्डोलमा बसोबास गर्दै आएका ३१ वर्षीय आयन सेढाईलाई पक्राउ गरिएको हो । उनको साथबाट सेल्फ लोडेड राइफल, इन्सास एक थान, त्यसमा प्रयोग हुने चार राउन्ड गोली पनि बरामद गरिएको छ सादा पोसाकमा खटिएको प्रहरीले छापा मारेर रबरको गोली एक राउन्ड, सटगनमा प्रयोग हुने गोली एक राउन्ड, एउटा खुकुरी र बञ्चरो पनि बरामद गरेको छ ।

# मुग्लिङ–पोखरा सडक : पूर्वी खण्डको काम ९५ प्रतिशत सम्पन्न

**काठमाडौं/मस–** पृथ्वी राजमार्गअन्तर्गत आँबुखैरेनी-जामुने सडकको स्तरोन्नतिको काम ९५ प्रतिशत सकिएको छ । एसियाली विकास बैंकको ऋण सहयोगमा निर्माण भइरहेको यो सडक खण्डको लागत ६ अर्ब ३१ करोड रहेको छ ।

पूर्वी खण्ड अन्तर्गत आबुखैरेनीदेखि जामुनेसम्मको क्षेत्रफल पर्छ । ४१ किलोमिटर लम्बाइ रहेको सडक खण्डको बजार क्षेत्रमा ६ लेन विस्तार गरिएको छ । मुग्लिङ-पोखरा सडकको पूर्वी खण्डको काम चिनियाँ निर्माण कम्पनी चाइना कम्युनिकेसन कम्पनी लिमिटेडले गरिरहेको छ । सडक निर्माणमा सबै क्षेत्रको सहयोग भएका कारण निर्माणमा सहज भएको आयोजना निर्देशनालय (एडिबी) का प्रमुख चुडाराज ढकाल बताउँछन् । मुग्लिङ-पोखरा सडक खण्ड नेपालकै नमूना सडक भएको आयोजना निर्देशक ढकालको भनाइ छ ।



मुग्लिङ-पोखरा सडक खण्डको पूर्वी खण्डमा चार लेनको सडक र रंगरोगनको काम सकिएको आयोजनाले जनाएको छ । यस सडक खण्डमा ५६ वटा पहिलो रहेका छन्, यि मध्ये १८ वटा पहिरो विशेष प्रकारका रहेका र यिनीहरुको अध्यन भइरहेको छ ।

पूर्वी खण्डमा पर्ने मादी पुल निर्माणको ८० प्रतिशत काम सकिएको छ । निर्माण कम्पनीसँग २०७७ माघ १७ मा सडक स्तरोन्नतिको ठेक्का सम्झौता भएको थियो । मुग्लिङ-पोखरा सडक खण्डलाई दुई भागमा विभाजन गरी स्तरोन्नतिको थालनी गरिएको थियो ।

# २१ गतेसम्मका लागि तातोपानी नाका पूर्णरुपमा बन्द

**काठमाडौं/मस–** नेपाल-चीनबीचको उत्तरी तातोपानी नाका पूर्णरूपमा बन्द गरिएको छ । प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गरी नाका बन्द गरिएको हो । जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकका अनुसार फागुन २१ गते राती १२ बजेसम्मका लागि नाका बन्द गरिएको छ ।



‘फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ,निष्पक्ष, भयरहित एवम् शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन जिल्ला कमाण्ड पोष्टको निर्णयअनुसार नाका पूर्णरुपमा बन्द गरिएको सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले जानकारी दिएका छन् । चुनाव सकिएलगत्तै पूर्ववत रुपमा नाका सञ्चालन गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । साथै निर्वाचन कार्यको लागि प्रशासन कार्यालयका कर्मचारीहरु मतदान केन्द्रमा खटिएको हुँदा निर्वाचन सम्पन्न नुहँदासम्मको लागि शान्ति सुरक्षा र अत्यावश्यक सेवा वाहेकका सेवा प्रवाह बन्द गरिएको श्रेष्ठले बताए ।

SAUDI मा रोजगार | कम्पनी : Mohammed Al-Harbi Company शहर : Saudi Arabia

पूर्व स्वीकृत मिति: २०८२/११/१७ चलानी नं.: ६०२५३२२४ L.T. No.: 339729

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers, Steel Constru | 2 | 0 | स. काममा दक्ष | 1000 | ३८,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २७ गते (11 March 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DHR डेष्टिनि ह्यूमेन् रिसोर्स नेपाल प्रा. लि.
प्रम ईजाजत नं. ७८९/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाडौं, फोन.: ०१-५१०४६३२, ५१०४६३४, E-mail: humandestiny53@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२० फागुन २०८२ बुधबार
4 March 2026 Wednesday

सम्पादकीय

## उपभोक्तालाई विश्वस्त पार

मध्यपूर्वमा चर्किएको युद्धको प्रभाव नेपालसम्म आइपुग्ने संकेत देखिएको छ । चुनावको माहोल तातेका बेला पेट्रोल र ग्यास अभाव हुने हल्लाले सर्वसाधारण आत्तिएका छन् । पेट्रोल पम्पमा उपभोक्ताको लाइन देखिन थालेको छ भने धेरैले चाहिएभन्दा धेरै ग्यासका सिलिण्डर घरमा थुपार्न थालेका छन् । वास्तविक अभावभन्दा पनि मनोवैज्ञानिक त्रासले बजार अस्थिर बनेको देखिन्छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसनबाट नियमितभन्दा दोब्बर इन्धन आपूर्ति भइरहेको र बिदाको दिनसमेत आपूर्ति व्यवस्थापन गरिएकाले तत्काल अभाव नहुने दाबी गरिरहेको छ । काठमाडौं उपत्यकामा मात्रै दैनिक लाखौं लिटर पेट्रोल पठाइएको बताइरहेको छ । यसले अहिलेका लागि आपूर्ति प्रणाली पूर्ण रूपमा अवरूद्ध नभएको देखाउँछ । तैपनि, उपभोक्ताहरू ढुक्क छैनन् । उपभोक्ताको भीडले खपत अस्वाभाविक रूपमा बढ्नुका साथै विक्रिवितरणमै प्रभाव परेको देखिन्छ । अर्कोतर्फ, अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा उतारचढाव आइरहेको छ । खाडी क्षेत्र युद्धको केन्द्रमा रहेकाले दीर्घकालीन असर पर्न सक्ने आँकलन भइरहेको छ । जसका कारण इन्धनको मूल्यवृद्धि हुन सक्ने र त्यसले उत्पादन लागत बढाउन सक्ने देखिन्छ । इन्धन महँगो हुँदा ढुवानी खर्च बढ्छ, उद्योगको लागत बढ्छ र अन्ततः उपभोक्ताले महँगीको भार बेहोर्नुपर्ने हुनसक्छ । त्यसको भय पनि उपभोक्तामा देखिन्छ ।

पेट्रोलियम व्यवसायीहरू भने अहिलेको भीडलाई अभावभन्दा ज्यादा मनोवैज्ञानिक त्रासको परिणाम मान्छन् । चुनावका क्रममा आवागमन बढ्नु, र्‍याली र प्रचारप्रसारका गतिविधि बढी हुनु र लगातार सार्वजनिक बिदा पर्नुजस्ता कारणले पनि खपत बढेको देखिन्छ । जाडो याम सकिँदै जाँदा ग्यासको माग स्वाभाविक रूपमा घट्ने भएकाले केही समयमै अवस्था सहज हुनसक्ने व्यवसायीको दाबी छ ।

इन्धन अभावको भय चिर्न सरकारले आमउपभोक्तालाई विश्वस्त पार्नुपर्ने देखिन्छ । एक महिनादेखि ग्यासको आपूर्ति सहज गराउन नसकेको सरकारका लागि यो अर्को चुनौती हो । त्यसैले पनि आपूर्ति, मौज्दात र युद्धको सम्भावित प्रभावबारे पारदर्शी ढंगले आमनागरिकलाई सूसुचित गर्नुपर्ने खाँचो छ । बजार अनुगमन कडा पारेर कालोबजारी र कृत्रिम अभाव रोक्नुतर्फ सरकारी निकायको ध्यान जानुपर्छ । उपभोक्ताले पनि आफूलाई चाहिनेभन्दा धेरै इन्धन थुपार्ने प्रवृत्ति त्याग्नुपर्छ । त्यही प्रवृत्तिले नै बजारलाई असन्तुलित बनाउँछ भन्ने विगतका अनुभवले भनिसकेका छन् । चुनावको मुखैमा इन्धन अभावको जुन हल्ला चलेको छ, त्यसले जनजीवन प्रभावित पार्नुका साथै उपभोक्तामा चिन्ता बढाएको छ । यस्तो बेला त्रास फैलाउने होइन, तथ्यपूर्ण सूचना दिएर आश्वस्त पार्नुपर्छ । त्यो दायित्व सरकारकै हो ।

# डिजिटल नेपालको अपेक्षा

ठुला तथा चर्चामा रहेका दलले देखाएको डिजिटल सपना भावी दिनमा कार्यान्वयन गर्न सकेमा सार्वजनिक क्षेत्रको सुधार हुनुका साथै नागरिकको जीवनस्तर उच्चस्तरको हुनेमा आशावादी हुन सकिन्छ ।

अग्रलेख



● झलक शर्मा

सुशासन कायम गर्नका साथै प्रविधिको उपयोगमा अंकुश नलगाउन भदौ २३ र २४ गते जेनजी पुस्ताको आन्दोलन भयो । प्रविधिको विकाससँगै हुर्केको पुस्तालाई अब प्रविधिको रोक र नियन्त्रण सह्य हुँदैन । विकसित मुलुकहरू विज्ञान प्रविधिको अवलम्बनबाट नै समृद्ध बने तर नेपाल भने प्रविधिको उपयोगलाई बेवास्ता गरेको देखिन्छ । प्रविधिलाई नै इन्कार गरी पुरानै ढर्राबाट राज्य चल्नुपर्छ भन्ने मानसिकता अझै पनि रहेको छ । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०२५ अनुसार नेपालका ८५.१ प्रतिशत घरधुरीमा स्मार्टफोन चलाउँछन् भने ८२ प्रतिशतमा इन्टरनेटको पहुँच पुगेको छ । हिसाबकिताब सम्बन्धी प्रयोग गरिने एक्सेल सफ्टवेयर चलाउन सक्ने जनसंख्या १०.२ प्रतिशत रहेको उक्त सर्वेक्षणले देखाएको छ । व्यावसायिक उपयोग र उत्पादन कार्यक्रमका लागि कम्प्युटर, मोबाइल चलाउन भने त्यति उत्सुक देखिँदैनन् । प्रविधिको आधारभूत ज्ञान र त्यसको गहिरो अध्ययन, प्रयोग र विस्तारमा न्यूनता देखिन्छ । इन्टरनेटको प्रयोग केवल सामाजिक सञ्जालका लागि गर्ने तर दक्षता अभिवृद्धितर्फ नागरिकको ध्यान जान सकेको छैन । सूचना प्रविधिबाट लाभ लिनुभन्दा त्यसैको आदतमा सपना खुम्चाइरहेको तीतो यथार्थ नेपाली सामु रहेको छ । डिजिटल प्रविधिको प्रयोगले अब नेपाली जनताको जीवनस्तर सुधार हुनु आवश्यक छ ।




इन्टरनेट प्रयोगमा भएको व्यापकतालाई आर्थिक-सामाजिक रूपान्तरणमा जोड दिनु अपरिहार्य रहेको छ । डिजिटल साक्षरताको कमी, दूरसञ्चारका टावर नटिप्ने जस्ता समस्याहरू यथावत् रहेका छन् । अझै पनि दुर्गम भेगमा इन्टरनेटको पहुँच पुगेको छैन भने इन्टरनेट सेवाप्रदायक कम्पनीहरूको सेवामा गुणस्तरको कमी र दक्ष जनशक्तिको अभाव रहेको छ । जसले गर्दा डिजिटल सम्बन्धी कार्यहरू अविश्वसनीय र झन्झटिलो मान्न थालेको पाइन्छ । डिजिटल सेवामा समयसापेक्ष कानूनी व्यवस्था गर्नुपर्छ । कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स तथा स्वचालित प्रविधिका कारण रोजगारी कटौती, सृजनात्मक क्षमताको कमी जस्ता जोखिमहरू रहेका छन् । यस सन्दर्भमा नवीनतम प्राविधिक क्षमता अभिवृद्धि गरी रोजगारका अवसर वृद्धि गर्न राज्यले तदारुकता देखाउनुपर्छ । नेपालमा मौलाइरहेको भ्रष्टाचार, अनियमितता, बेथिति, विसंगति, कुशासन जस्ता तमाम विकृतिलाई नियन्त्रण गर्न डिजिटल प्रविधिको उपयोग अपरिहार्य छ । सरकारी सेवा प्राप्त गर्न महिनौं, घण्टौं कुर्नुपर्ने अवस्थामा डिजिटल प्रविधिको माध्यमबाट छिटोछरितो, गुणस्तरीय सेवा प्रदान गर्नु औचित्यपूर्ण रहन्छ ।

सरकारले डिजिटल नेपाल फ्रेमवर्कबाट सबै क्षेत्रमा उपयोग गर्ने सपना बुनेको थियो तथापि भुक्तानी सेवामा बाहेक अरूमा उल्लेखनीय प्रगति भएको देखिँदैन । कोभिड-१९ को महामारी पश्चात् नागरिकले डिजिटल कारोबार गर्न रुचाएको देखियो । सामाजिक सञ्जालबाट नै ई-कमर्सको थालनी पनि भएको छ । यतिबेला डिजिटल तथा इन्टरनेट विलासिताको माध्यम मात्र नभई यो नागरिकका लागि आधारभूत प्लेटफर्मको रूप बनिसकेको छ । यसको प्रयोगले पारदर्शिता, प्रमाणिकता कायम गर्न समेत सहयोग पुर्‍याएको छ । डिजिटल सेवाको विस्तारमा निजी क्षेत्र अग्रसर देखिन्छ भने सार्वजनिक क्षेत्र अझै पनि सोचेअनुरूप अंगिकार गर्न सकेको छैन । सार्वजनिक खरिद प्रक्रिया, बोलपत्र आह्वान, लिलाम बिक्री, सूचिदर्ता लगायतका गतिविधिमा सरकारले अनिवार्य तोकेको हुँदा यसमा डिजिटल प्रविधिको प्रयोग भएको छ । नागरिक एप, नापी सम्बन्धी मेरो कित्ता एप, कर्मचारी सञ्चयकोष सम्बन्धी एप, ई-पीएफ मोबाइल एप लगायत विभिन्न एपबाट नेपालले डिजिटल रूपान्तरणको मार्गचित्र कोरेको देखिन्छ ।

यतिबेला नेपाल चुनावको संघारमा रहेको छ । सबै दलहरुले आ-आफ्नो घोषणापत्र पनि ल्याएका छन् । नेपाली कांग्रेसले 'प्रतिज्ञा'को नाम दिएर आफ्नो घोषणापत्रमा डिजिटल सार्वजनिक सेवा सातै दिन, चौबीसै घण्टा उपलब्ध गराउने उल्लेख गरेको छ । एक नागरिक स्वास्थ्य प्रोफाइल लागू गर्ने घोषणा कांग्रेसले गरेको छ । प्रि-प्राइमरीदेखि विश्वविद्यालयसम्मको सिकाइलाई प्रविधि र प्रयोगसँग जोड्ने विषय उल्लेख छ । एकीकृत सेवा प्रणाली अनुसार जन्मदर्ता, नागरिकता, व्यवसाय दर्ता, कर, सामाजिक सुरक्षा लगायत सेवाहरू डिजिटल तथा भौतिक प्लेटफर्मबाट उपलब्ध गराउने, डिजिटल गभर्नेन्सलाई संस्थागत गरी सार्वजनिक सेवाहरू द्रुत, पारदर्शी बनाउने छौँ भनेको छ । बैंक तथा वित्तीय संस्थाहरू नपुगेका दुर्गम ग्रामीण क्षेत्रमा डिजिटल वित्तीय साक्षरता र सेवा केन्द्र स्थापना गरी इन्टरनेट नभएको स्थानमा समेत चल्ने अफलाइन डिजिटल भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्छौं तथा डिजिटल भन्सारको व्यवस्था गर्ने तर्फ घोषणापत्रमा समावेश गरेको छ ।

त्यस्तै, नेकपा एमालेले डिजिटल पूर्वाधार-विकास र सुशासनको आधारलाई जोड दिएको छ । सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गरी सुशासनमा आमूल परिवर्तन ल्याउने छौँ भनेको छ । त्यस्तै नेपालको आफ्नै भू-उपग्रह स्थापना गरी ग्रामीण तथा दुर्गम क्षेत्रमा आधारभूत दूरसञ्चार सेवा र डिजिटल कनेक्टिभिटी सुनिश्चित गर्ने छौँ भनी उल्लेख गरेको छ । सार्वजनिक कार्यसम्पादन सम्बन्धी तथ्यपरक जानकारी नियमित रूपमा डिजिटाइज र अद्यावधिक गरी नागरिकलाई उपलब्ध गराउने छौँ भनी आफ्नो घोषणा उल्लेख गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टीले आफ्नो घोषणापत्रमा एक पालिका-एक नमुना स्मार्ट आवासीय विद्यालय, प्रविधिमैत्री शिक्षा र डिजिटल साक्षरतालाई प्राथमिकता दिएको छ । त्यस्तै विद्यार्थीको प्रगति तथा परीक्षा प्रक्रियामा डिजिटल प्रविधिको उपयोग गरी पारदर्शिता कायम गर्ने उल्लेख छ । त्यस्तै सातै प्रदेशमा प्राविधिक इन्स्टिच्युट स्थापना गर्ने र सीटीईभीटीलाई विश्वविद्यालय बनाउने घोषणा गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रमा सार्वजनिक सेवा लाइनमा नभई अनलाइनमा हुनेछ भनी आशा देखाइएको छ । राष्ट्रिय अभिलेख र डिजिटल सुशासन सुदृढीकरण गर्न नेपालमा बसोबास गर्ने सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराई एकीकृत डाटाबेस निर्माण गर्छौं भनेको छ । पारदर्शिता, पहुँच र उत्तरदायित्व सुनिश्चित गर्न डिजिटल सर्भिस डेलिभरीको समयबद्ध कार्ययोजना स्वीकृत गरी कडाइका साथ कार्यान्वयन गर्ने वाचा गरेको छ । कागजमा आधारित प्रशासनिक प्रक्रिया चरणबद्ध रूपमा अन्त्य गर्न सरकारी निर्णय, टिप्पणी तथा स्वीकृतिहरू टिप्पणी डट कम डट एनपी मार्फत र परिपत्र तथा आधिकारिक निर्देशनहरू परिपत्र डट कम डट एनपीबाट जारी हुने व्यवस्था थालनी गर्ने र डिजिटल हस्ताक्षर प्रणालीलाई कानुनी रूपमा अनिवार्य गर्ने घोषणा गरेको छ ।

उज्यालो नेपाल पार्टीले कृषिमा डिजिटल आईडीमार्फत अनुदान सिधै किसानको खातामा पठाउने, डिजिटल अर्थतन्त्र प्रवर्द्धनका लागि १० अर्बको स्टार्टअप कोष, सातै प्रदेशमा आईटी पार्क, ६ लाख युवालाई कोडिङ र एआई तालिम, डाटा संरक्षण र साइबर सुरक्षा ऐन निर्माण गर्ने योजना अघि सारेको छ । सार्वजनिक पदाधिकारीको वार्षिक अनलाइन सम्पत्ति विवरण अनिवार्य गरी सार्वजनिक गर्ने योजना प्रस्तुत गरिएको छ ।

दलहरूले उल्लेख गरेका घोषणाहरू राष्ट्रिय सूचना तथा सञ्चार नीति २०७२, राष्ट्रिय ब्रोडब्यान्ड नीति २०७१, विद्युतीय कारोबार ऐन २०६३, दूरसञ्चार ऐन २०५३ अनुसार नै कार्यान्वयन गर्ने हो । यी ऐन, नियम र नीतिहरू समयसापेक्ष बनाउनु पर्ने जिम्मेवारी प्रतिनिधि सभालाई नै रहेको छ । डिजिटलमूलक सुशासन कायम गर्न दलहरू प्रतिबद्ध रहनु जरुरी छ । डिजिटल प्रविधिको प्रयोगले लगानी अभिवृद्धि गराउने, अन्तर्राष्ट्रिय सम्बन्धको विकास, विस्तार र समन्वय तथा प्राविधिक क्षमताको विकास र उत्पादकत्व बढाई नेपालको अर्थतन्त्र उकास्नु आजको आवश्यकता हो । ठुला तथा चर्चामा रहेका दलले देखाएको डिजिटल सपना भावी दिनमा कार्यान्वयन गर्न सकेमा सार्वजनिक क्षेत्रको सुधार हुनुका साथै नागरिकको जीवनस्तर उच्चस्तरको हुनेमा आशावादी हुन सकिन्छ ।

## इतिहासमा आज

४ मार्च १९९८ मा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले कामको क्रममा यौन उत्पीडनलाई प्रतिबन्ध लगाउने संघीय कानूनहरू दुवै पक्ष समान लिङ्गी भएमा पनि लागू हुने फैसला गरेको थियो ।



४ मार्च २००१ मा लन्डनमा बीबीसी टेलिभिजन केन्द्रको अगाडि एक विशाल कार बम विस्फोट गराइएको थियो । एक व्यक्ति गम्भीर घाइते भएको उक्त घटनाको जिम्मेवारी रियल आईआरएले लिएको थियो ।



४ मार्च २०१२ मा कंगो गणराज्यको राजधानी रहेको हतियार भण्डारमा श्रृंखलाबद्ध विस्फोट हुँदा २५० जनाको मृत्यु भएको थियो ।



४ मार्च २०१५ मा युक्रेनको विद्रोही नियन्त्रित डोनेट्स्क क्षेत्रको जास्यदको कोइला खानीमा भएको शंकास्पद ग्यास विस्फोट हुँदा कम्तिमा ३४ खानी कामदारको मृत्यु भएको थियो ।



# मध्यपूर्व संकटको असर

विचार



● ईश्वर बुढाथोकी

*इरानमाथिको हमला र त्यसपछि चर्किएको मध्यपूर्व तनाव केवल क्षेत्रीय राजनीतिक घटना मात्र होइन, विश्व अर्थतन्त्रका लागि सम्भावित ठुलो परीक्षा हो । यदि युद्ध लम्बिएमा ऊर्जा संकट, मुद्रास्फीति र आर्थिक सुस्तीको त्रिकोणीय दबाब विश्व अर्थतन्त्रले झेल्नुपर्नेछ ।*

अमेरिका र इजरायलको संयुक्त हमलापछि इरानले क्षेत्रीय रूपमा कडा प्रतिक्रिया जनाएसँगै मध्यपूर्वमा तनाव तीव्र बनेको छ । इरानका सैन्य तथा रणनीतिक संरचनामाथि गरिएको आक्रमण र त्यसपछि भएको प्रति आक्रमणले ठुलो युद्धको जोखिम निम्त्याएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सुरक्षा र अस्तित्वको सवाल उठाउँदै इरानमाथि आक्रमण गरेका थिए । यसको प्रत्यक्ष प्रभाव ऊर्जा बजार, सुरक्षित लगानीका साधन र विश्व अर्थतन्त्रको समग्र गतिमा देखिन थालेको छ ।

सबैभन्दा पहिले असर परेको क्षेत्र तेल बजार हो । युद्ध सुरु भएसँगै कच्चा तेलको मूल्य करिब २० प्रतिशतले बढेको छ । विश्लेषकहरूका अनुसार यदि द्वन्द्व लम्बियो र आपूर्ति प्रभावित भयो भने कति बढ्ला भन्न सकिन्न । विशेष चिन्ता होर्मुज जलडमरूमध्यको हो, जहाँबाट विश्वको झण्डै २० प्रतिशत तेल आपूर्ति हुन्छ ।

यदि तेल मूल्य प्रतिब्यारेल १०० डलर पुगेमा मात्रै पनि विश्वव्यापी मुद्रास्फीतिमा ०.६ देखि ०.७ प्रतिशत अंकसम्म थप दबाब पर्न सक्ने आँकलन गरिएको छ । ऊर्जा मूल्य बढ्दा ढुवानी, उत्पादन र वितरण लागत स्वतः बढ्छ । त्यसको प्रत्यक्ष असर उपभोक्ता मूल्यमा पर्छ । यस्तो अवस्थामा विश्वका प्रमुख केन्द्रीय बैंकहरूले ब्याजदर घटाउने योजनालाई स्थगित गर्न सक्छन् । विगतमा इरानी क्रान्तिपछि तेलको मूल्य दोब्बर हुँदा विश्वव्यापी मन्दी आएको उदाहरण अझै स्मरणीय छ ।

ऊर्जा बजारसँगै सुरक्षित लगानीका साधनमा पनि तीव्र हलचल देखिएको छ । भूराजनीतिक तनाव बढ्दा लगानीकर्ताहरू जोखिमयुक्त सम्पत्तिबाट सुरक्षित सम्पत्तितर्फ सर्छन् । यस वर्ष सुनको मूल्य झण्डै २२ प्रतिशतले बढेर प्रतिऔंश ५ हजार डलरमाथि पुगेको छ । हमलापछि मात्रै पनि सुनमा करिब २ प्रतिशत वृद्धि भएको छ । चाँदीको मूल्य पनि उल्लेख्य रूपमा उकालो लागेको छ । यसैबीच, क्रिप्टोकरेन्सी बजारमा भने उल्टो प्रवृत्ति देखिएको छ । जोखिम बढ्दा लगानीकर्ताहरू बिटकोइनजस्ता अस्थिर साधनबाट बाहिरिँदै परम्परागत सुरक्षित सम्पत्तितर्फ झुकेका छन् । यसले विश्व वित्तीय बजारमा अस्थिरता थपेको छ ।

समग्र विश्व अर्थतन्त्रमा मध्यपूर्व तनावको प्रभाव बहुआयामिक हुन सक्छ । पहिलो, ऊर्जा मूल्य वृद्धिले उत्पादन लागत बढाउँछ, जसले उद्योग र उपभोक्ता दुवैलाई असर गर्छ । दोस्रो, मुद्रास्फीति चर्किंदा केन्द्रीय बैंकहरू कडाइतर्फ उन्मुख हुन्छन्, जसले लगानी र उपभोग घटाउन सक्छ । तेस्रो, अनिश्चितताले वित्तीय बजारमा विश्वास कमजोर बनाउँछ । यदि होर्मुज जलडमरूमध्य लामो समय अवरुद्ध भयो भने विश्वको २० प्रतिशत तेल आपूर्ति प्रभावित हुनेछ, जसले ऊर्जा संकटलाई गहिरो बनाउनेछ ।

अमेरिकी डलरमा पनि उतारचढाव देखिन सक्छ । ऊर्जा निर्यातकर्ता देशका मुद्राहरू बलियो हुन सक्छन् भने आयातकर्ताहरू दबाबमा पर्न सक्छन् । उदीयमान अर्थतन्त्रहरू विशेषगरी जोखिममा छन्, किनकि उनीहरू ऊर्जा आयातमा निर्भर छन् र विदेशी मुद्रा भण्डार सीमित हुन सक्छ । केही विश्लेषकहरूले भने अमेरिकी चुनावी सन्दर्भ र अन्तर्राष्ट्रिय दबाबका कारण लामो समयसम्म आपूर्ति अवरुद्ध नहुने तर्क गरेका छन् । तर यदि इरानको तेल उत्पादन र निर्यात पूर्वाधारमै ठुलो क्षति पुग्यो भने मूल्य लामो समय उच्च रहन सक्छ, जसले विश्वव्यापी मन्दी निम्त्याउने खतरा रहन्छ ।

नेपालका लागि यो अवस्था अझ चुनौतीपूर्ण हुन सक्छ । नेपाल पूर्णरूपमा पेट्रोलियम पदार्थ आयातमा निर्भर देश हो । अन्तर्राष्ट्रिय बजारमा तेल मूल्य बढ्दा त्यसको प्रत्यक्ष असर नेपालमा इन्धन मूल्यमा पर्छ । इन्धन महँगिँदा यातायात, निर्माण, कृषि र उद्योग क्षेत्रको लागत बढ्छ । त्यसले समग्र मुद्रास्फीति चर्काउन सक्छ ।

सुन र चाँदीको मूल्य वृद्धिले नेपालका लगानीकर्ताहरूलाई अल्पकालीन फाइदा दिन सक्छ, तर उपभोक्ताका लागि आभूषण महँगो हुनेछ । नेपाल राष्ट्र बैंकले मुद्रास्फीति नियन्त्रणका लागि कडाइको नीति अपनाउनुपर्ने अवस्था आउन सक्छ । साथै, मध्यपूर्वमा ठुलो संख्यामा नेपाली कामदार कार्यरत भएकाले त्यहाँको अस्थिरताले रोजगारी र रेमिट्यान्स प्रवाहमा असर पार्न सक्छ । त्यसैले सरकारले ऊर्जा आपूर्तिको दीर्घकालीन वैकल्पिक रणनीति, भण्डारण क्षमता वृद्धि र वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षामा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

समग्रमा, इरानमाथिको हमला र त्यसपछि चर्किएको मध्यपूर्व तनाव केवल क्षेत्रीय राजनीतिक घटना मात्र होइन, विश्व अर्थतन्त्रका लागि सम्भावित ठुलो परीक्षा हो । तेल र सुनको मूल्यमा देखिएको उछालले बजारको मनोविज्ञान स्पष्ट पारेको छ । यदि द्वन्द्व छोटो अवधिमा समाधान भयो भने बजार स्थिर हुन सक्छ । तर युद्ध लम्बिएमा ऊर्जा संकट, मुद्रास्फीति र आर्थिक सुस्तीको त्रिकोणीय दबाब विश्व अर्थतन्त्रले झेल्नुपर्नेछ । नेपालजस्ता आयात-निर्भर देशका लागि यसले झन् गम्भीर चुनौती निम्त्याउन सक्छ ।

## सामाजिक सञ्जाल



**नवराज पन्त**

काठमाडौं, धादिङ हुँदै चितवन गएँ । कसैले पनि आफ्नो घरमा राजनीतिक दलको झन्डा राखेनन् । लगभग ५० प्रतिशत मानिसहरू राजनीतिक भाषण सुन्न चाहँदैनन् । भाषणमा आधारित ठगी लोकतन्त्र घट्यो । अब हामीले सामुदायिक विकासमा आधारित दिगो लोकतन्त्रलाई अनुकूलन गर्नुपर्छ ।



**सूर्यराज आचार्य**

चुनावी अभियान अन्तिम चरणमा आइपुगेको छ । यही क्रममा एउटा सकारात्मक संकेत देखिँदै छ । समाजले अब राजनीतिलाई भ्रष्टाचारको साधन बनाउने अभ्यास सहने छैन । भ्रष्टाचार जोगाउने किसिमको दलीय संयन्त्र अब टिक्न सक्दैन । अरू पक्षबारे भने समयले नै पुष्टि गर्ला ।



**उत्तमबाबु श्रेष्ठ**

मतगणना स्थलको तारजालीको यथास्थिति देखेपछि यसपालि मतगणनालाई द्रुत बनाउने र छिटो परिणाम ल्याउने नयाँ 'इनोभेसन' भएको होला भन्ने मेरो आशा निराशामा परिणत भयो । सुरक्षित र आधुनिक मतगणना प्रणाली समेत विकास गर्न नसक्नेले विदेशमा बस्नेलाई मतदानको अधिकार दिने कुरा धेरै टाढाको विषय हो ।



**राधाकृष्ण कटुवाल**

कसैले चुनाव हुँदैन भन्दैमा चुनाव हुने र नहुने पनि हुन्छ ? यत्रो राज्य संयन्त्र लागेर गर्न लागेको चुनाव पनि एउटा ज्योतिषीय र दुर्गाले हुँदैन भन्दैमा रोकिने कुरा हुन्छ ? हैन भने ज्योतिष र दुर्गालाई किन धुनेर राख्नु परेको होला ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

## अर्घाखाँचीमा निर्वाचनको सम्पूर्ण तयारी पूरा

# २ सय ११ मतदान केन्द्रमा मतपत्र र मतपेटिका पुऱ्याइयो

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ फागुन

अर्घाखाँचीमा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ । निर्वाचनका लागि आवश्यक पर्ने सबै बन्दोबस्तीका सामग्री, निर्वाचन मतपेटीका, मतपत्र लगायतका सम्पूर्ण सामग्री तथा निर्वाचन कर्मचारी मतदान केन्द्रमा पुगेर स्थानीय राजनीति दलहरुसँग समन्वय गरी सर्वदलीय बैठक समेत सम्पन्न गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय अर्घाखाँचीले जनाएको छ ।

निर्वाचन सम्पन्न गर्नको लागि जिल्लाभर उपसचिवदेखि कार्यालय सहयोगीसम्म १२ सय ६२ जना निजामती कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृत शिवलाल पाण्डेले जानकारी दिए ।

सोमबार राति १२ बजेबाट मौन अवधि लागेको र यस समयमा हुनसक्ने आचारसंहिता उल्लंघनका घटनालाई कम गर्न सुक्ष्म ढगले सूचना संकलनका लागि अनुसन्धान प्रहरी परिचालन गरिएको मुख्य निर्वाचन अधिकृत पाण्डेको भनाइ छ । मंगलबार रिपोटर्स क्लव नेपाल लुम्बिनी प्रदेशले मुख्य निर्वाचन अधिकृतको कार्यालय जिल्ला अदालत सभाहल सन्धिखर्कमा आयोजना गरेको निर्वाचनको तयारी तथा भावी रणनीतिक विषयमा गरेको साक्षात्कार कार्यक्रममा बोल्दै पाण्डेले तयारीबारे जानकारी गराएका छन्।




अपाङ्गता भएका, ज्येष्ठ नागरिक, असहाय तथा अशक्त मतदातालाई सहज रूपमा मतदान गर्नबाट बन्चित हुन नदिनका लागि स्थानीय रुपमा समन्वय गरि मतदान केन्द्रसम्म पुग्ने व्यवस्था मिलाइएको छ । पाण्डेले निर्वाचन स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सबै पक्षको सहयोग आवश्यक रहेको बताउँदै मतदातालाई निर्धक्क भइ मतदानमा सहभागी हुन आग्रह गरेका छन् । निर्वाचनका लागि मतपेटीका लगायतका सम्पूर्ण सामग्री तथा निर्वाचन कर्मचारी मतदान केन्द्रमा पुगिसकेपछि अहिले जिल्लाभर तीन तहमा सुरक्षाकर्मीहरु परिचालन गरी सुरक्षा व्यवस्था कडा पारिएको अर्घाखाँचीका प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले जानकारी दिए ।

जिल्लामा २ सय ११ मतदान केन्द्रमा निर्वाचन सामग्री पुगीसकेको छ । मतदान केन्द्रमध्ये स्थायी १ सय ९ र २ अस्थायी मतदान केन्द्र रहेको प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए ।

यी अस्थायी मतदान केन्द्रमा जिल्ला कारागारका कैदी बन्दी र कर्मचारीले समानुपातिक मतदान गर्ने छन् । मतदान केन्द्रको अवस्था हेरेर सुरक्षा व्यवस्था मिलाएकाले भयरहित र निष्पक्ष निर्वाचन गराउन कुनै कसर बाँकी नरहेकोले निर्धक्क भएर मतदानमा सहभागी मतदातालाई आग्रह गरे । एक मात्र निर्वाचन क्षेत्र रहेको अर्घाखाँचीमा सुरक्षा अवस्था बुझ्न अधिकांश ठाउँमा मुख्य निर्वाचन अधिकृत पाण्डे प्रमुख जिल्ला अधिकारी सुवेदी सुरक्षा अधिकारीहरु पुगेर सुरक्षा विश्लेषण गरी सोही अनुसार सुरक्षा व्यवस्था कडा पारिएकोले मतदाताले ढुक्कसँग मतको प्रयोग गर्न सक्ने प्रहरी प्रमुख दिवस जिसीले बताए ।

निर्वाचन सुरक्षाका लागि नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान तथा निर्वाचन प्रहरी परिचालन गरिएको डिएसपी जिसीले जानकारी दिए । जिल्लामा १ लाख ७१ हजार ६ सय ६२ मतदाता निर्वाचनमा सहभागी हुँदैछन् । कार्यक्रममा जिल्ला निर्वाचन अधिकारी बुद्ध प्रकाश पौडेल, सेना प्रमुख रीक्की पाण्डे, राष्ट्रिय अनुसन्धान प्रमुख विजय चर्तुबेदी,सशस्त्र प्रहरी प्रमुख योगराज दाहाल, जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीका प्रमुख दिवस जिसी, सहायक प्रमुख जिल्ला अधिकारी झविलाल भट्टराईलगायत जिल्लास्थित सुरक्षा निकायका प्रमुख तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

फागुन २१ गते हुने मतदानलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्नका लागि निर्वाचनको अन्तिम परिणाम घोषणा नहुने बेलासम्मका लागि मदिरा बिक्रीवितरणमा रोक लगाउनुका साथै सेवन नगर्न/नगराउन प्रशासनले सूचना जारी गरी आग्रह गरिएको सहायक प्रजिअ झविलाल भट्टराईले जानकारी दिए ।

# कतारद्वारा विभिन्न भिसाको म्याद सकिएकाहरूलाई नि:शुल्क एक महिना म्याद थप

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १९ फागुन




कतारको गृह मन्त्रालयले म्याद सकिएका वा सकिन लागेका सबै प्रकारका भिसाहरूको म्याद एक महिनाका लागि थप गर्ने घोषणा गरेको छ । थप आवश्यक परेमा परिस्थिति अनुसार समयावधि बढाउन पनि सकिने र यो निर्णय शनिबार, फेब्रुअरी २८, २०२६ देखि लागू भएको मन्त्रालयले जनाएको छ ।

यो निर्णय लागू भएसँगै कतारी आइडी सकिएर कतार बाहिर रहेका सबै जनाले आगामी मार्च २८ भित्र कतार प्रवेश गर्न पाउने भएका छन् । मन्त्रालयले जारी गरेको वक्तव्य अनुसार भिसा म्याद थप स्वीकृत विद्युतीय प्रणालीमार्फत स्वत:गरिनेछ । यसका लागि कुनै शुल्क लाग्ने नलाग्ने र सम्बन्धित कार्यालयमा उपस्थित हुन वा थप आवेदन दिन आवश्यक नपर्ने मन्त्रालयले स्पष्ट पारेको छ ।

फेब्रुअरी २८, २०२६ भन्दा अगाडि ओभरस्टे (भिसा म्याद नाघेको) का हकमा भने तोकिएको जरिवाना तिर्नुपर्नेछ । त्यसपछि मात्र माथि उल्लेखित मितिदेखि उनीहरूलाई म्याद थप तथा शुल्क छुट लागू हुनेछ । शनिबारबाट इरानले कतारमा रहेको अमेरिकन बेस क्याम्प लक्षित आक्रमण गरेसँगै कतारले सम्पूर्ण उडानहरू स्थगित गरेको छ । उडान स्थगितसँगै कतार बाहिर रहेका प्रवेश गर्न पाएका छैनन् भने कतारमै रहेकाहरू पनी बाहिरिन नपाएको अवस्थामा सरकारको सकारात्मक निर्णय आएको हो ।

कतार सरकारको यस निर्णयको एनआरएनए एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीले प्रशंसा गर्दै आभार व्यक्त गरेका छन् । उनले भिसा म्याद थप भएसँगै आफ्नो टिकट परिवर्तनका लागी सम्बन्धित एयरलाइन्सको अफिस या आफूले टिकट लिएको ट्राभल अफिसमा सम्पर्क गर्न समेत यात्रुमा आग्रह गरेका छन् ।

# धरहराभित्र पार्किङस्थल व्यवस्थापनको जिम्मेवारी काठमाडौं महानगरलाई

**काठमाडौं/मस-** ऐतिहासिक धरहराभित्र भूमिगत तलामा रहेको पार्किङस्थल व्यवस्थापनको जिम्मेवारी काठमाडौं महानगरपालिकालाई प्रदान गरिएको छ । पुन:निर्माणपछि उक्त ठाउँमा ३ सय ४७ वटा कार र ७ सय वटा मोटरसाइकल अट्ने क्षमता छ । केही दिनअघि गृह मन्त्रालय, सहरी विकास मन्त्रालयका प्रतिनिधि र महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलसहितको छलफलपछि धरहराको पार्किङस्थल व्यवस्थापनको जिम्मेवारी महानगरलाई प्रदान गर्ने निर्णय गरेको हो ।



छलफलले धरहरा क्षेत्रको सञ्चालन व्यवस्थापनको तत्कालीन र दीर्घकालीन परियोजना प्रारूप तयार गर्न सहरी विकास मन्त्रालय र महानगरका अधिकारीसहितको समिति गठन गर्ने निर्णय गरेको छ । कार्यवाहक प्रमुख डंगोलले धरहरा क्षेत्रको सञ्चालन व्यवस्थापनको दायित्व महानगरपालिकाले ग्रहण गर्ने इच्छाअनुसार जिम्मेवारी प्राप्त गरिएको बताइन् ।

'२०५५ मा साविक स्थानीय निकाय हुँदा हस्तान्तरण भइसकेको संरचना स्थानीय सरकारलाई प्रदान गर्नुपर्छ भन्ने हाम्रो अनुरोध थियो । त्यसमध्ये पनि तत्काल गर्नुपर्ने काममध्ये सुरक्षित र व्यवस्थित सेवा हो', उनले भनिन्,'सडकमा पार्किङको विकल्पमा सुन्धारा एउटा विकल्प हो । यस ठाउँलाई सुरक्षित र व्यवस्थित बनाउँदै महानगर प्रहरी बल परिचालन गरेर नि:शुल्क सेवा उपलब्ध गराउने छौं ।'

# साउदीमा रहेका नेपालीलाई सचेत रहन दूतावासको आग्रह

## 'अर्जेन्ट रेस्क्यु' पोर्टलमा विवरण दर्ता गर्न अनुरोध

**अन्जान गुभाजु/मध्यान्ह**
रियाद, १९ फागुन

मध्यपूर्व क्षेत्रमा विकसित पछिल्लो परिस्थितिलाई ध्यानमा राख्दै साउदीको रियादस्थित नेपाली दूतावासले साउदी अरेबिया र यमनमा रहेका नेपाली नागरिकलाई आफ्नो विवरण अनलाइन पोर्टलमा दर्ता गर्न आग्रह गरेको छ । दूतावासद्वारा जारी सुचना अनुसार परराष्ट्र मन्त्रालयले आपतकालीन अवस्थामा विदेशमा रहेका नेपाली नागरिकको अवस्थाबारे जानकारी संकलन गर्न तथा आवश्यक परे उद्धार र समन्वय कार्यलाई सहज बनाउन 'अर्जेन्ट रेस्क्यु' नामक पोर्टल सञ्चालनमा ल्याएको हो ।



दूतावासले साउदी अरेबिया तथा यमनमा बसोबास गरिरहेका सबै नेपाली नागरिकलाई उक्त पोर्टलमा आफ्नो व्यक्तिगत विवरण अनिवार्य रूपमा दर्ता गर्न अनुरोध गरेको छ । विवरण दर्ता गर्दा पासपोर्टअनुसार पूरा नाम, पासपोर्ट नम्बर, हाल बसोबास गरिरहेको देश र शहर, मोबाइल वा ह्वाट्सएप नम्बर तथा आफू कार्यरत कम्पनी वा पेशासम्बन्धी जानकारी उल्लेख गरी 'सबमिट' गर्नुपर्नेछ । यसरी विवरण दर्ता गरेपछि आवश्यक परेमा नेपाल सरकार तथा दूतावासलाई विदेशमा रहेका नेपाली नागरिकको अवस्थाबारे अद्यावधिक जानकारी राख्न र उद्धार तथा समन्वय कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न सहज हुने दूतावासले जनाएको छ ।

# नेपाल–भारत सीमा नाका पूर्णरूपमा बन्द

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ फागुन

फागुन २१ गते देशभर एकैसाथ हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मध्यनजर गर्दै रौतहटसँग जोडिएको नेपाल-भारत सीमा नाका ७२ घण्टाका लागि पूर्ण रूपमा बन्द गरिएको छ । सुरक्षा संवेदनशीलतालाई दृष्टिगत गर्दै सोमबार राति १० बजेदेखि लागू हुने गरी सीमा क्षेत्रमा आवतजावतमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाए ।

निर्वाचनको समयमा हुन सक्ने सम्भावित अवाञ्छित गतिविधि, घुसपैठ र सुरक्षा चुनौतीलाई न्यूनीकरण गर्न दुवै देशका सुरक्षा अधिकारीहरूको समन्वयमा नाका सिल गरिएको हो ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालका अनुसार सीमा बन्द भए पनि स्वदेश फर्कने नेपाली नागरिकका लागि भने केही लचकता अपनाइएको छ । भारतबाट नेपालतर्फ प्रवेश गर्ने नेपालीहरूले आफ्नो परिचय खुल्ने आधिकारिक कागजात नागरिकता वा मतदाता परिचयपत्र देखाएर जाँचबुझ गराएपछि मात्र प्रवेश पाउने व्यवस्था मिलाइएको छ ।

अन्य सबै प्रकारका सर्वसाधारण तथा सवारी साधनको आवतजावतलाई भने अस्थायी रूपमा पूर्ण रोक लगाइएको छ । निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सीमा क्षेत्रमा सुरक्षा गस्तीलाई तीव्र बनाइएको छ । प्रजिअ भुसालले भन्ने, 'सीमा क्षेत्रमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको संयुक्त टोलीले २४ सै घण्टा निगरानी गरिरहेको छ । कुनै पनि उच्छृंखल गतिविधि हुन नदिन र मतदान प्रक्रियालाई सुरक्षित बनाउन हामी पूर्ण रूपमा कटिबद्ध छौं ।'

जिल्लाका सबै मतदान केन्द्रहरूमा निर्वाचन सामग्री र कर्मचारीहरू पुगिसकेको र सुरक्षाको थ्री-लेयर मोडल परिचालन गरिएको प्रशासनले जनाएको छ । निर्वाचन अवधिभर कसैले पनि कानुन हातमा लिन खोजे वा निर्वाचन बिथोल्ने प्रयास गरेमा कडा कानुनी कारबाही गरिने चेतावनी समेत दिइएको छ । रौतहटमा ४ वटा निर्वाचन क्षेत्र रहेका छन्, जहाँ ५ सय ४१ मतदान केन्द्र र २ सय ७७ मतदान स्थलहरू तोकिएका छन् ।

# स्पेनमा 'आध्यात्मिक महोत्सव' हुँदै

## पण्डित दीनबन्धु पोखरेलले कथा वाचन गर्ने

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, १९ फागुन

युरोपेली मुलुक स्पेनमा 'स्पेन आध्यात्मिक महोत्सव' हुने भएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) स्पेनको आयोजनामा आगामी अप्रिल ५ तारिख देखि बार्सिलोनाको सालोन एल प्रादो, अल्मिरान्तेमा आध्यात्मिक महोत्सव हुने भएको हो । बार्सिलोनामा नेपाल घर 'मन्दिर' निर्माण गर्ने उद्देश्य अनुरुप आध्यात्मिक महोत्सवको आयोजना गरिएको महोत्सवका संयोजक एवं एनआरएनए स्पेनका अध्यक्ष सन्तोष श्रेष्ठले जानकारी दिए ।

नेपाल घर (मन्दिर) निर्माण गर्नका लागि करिब एक लाख ८० हजार युरो लागत लाग्ने अनुमान गरिएको र महोत्सवबाट झण्डै दुई लाख युरो संकलन गर्ने लक्ष्य राखिएको उनले बताए । सामाजिक, सांस्कृतिक तथा धार्मिक कार्यका लागि साझा केन्द्र स्थापना गर्ने लक्ष्यसहित बार्सिलोनामा 'नेपाल घर' निर्माण गर्न लागिएको श्रेष्ठले बताए ।




महोत्सवका लागि आवश्यक सामग्री नेपालबाट ल्याउने तयारी भइरहेको र स्पेनवासी नेपाली समुदाय उत्साहका साथ महोत्सवको तयारीमा जुटिरहेको उनले बताए । कार्यक्रममा सहभागी भइ महोत्सवलाई भव्यताका साथ सफल पार्न संयोजक श्रेष्ठले स्पेनवासी नेपाली समुदायलाई विशेष आग्रह समेत गरेका छन् । महोत्सवले प्रवासमा धार्मिक तथा सांस्कृतिक परम्परालाई जगेर्ना गर्नुका साथै नेपाली भाषा, कला र संस्कृतिको प्रवर्धनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

महोत्सवमा प्रमुख वाचकका रूपमा पण्डित दीनबन्धु पोखरेल नेपालबाट स्पेन आउने कार्यक्रम तय भएको आयोजक संस्थाले जनाएको छ । महोत्सवमा श्रीमद्भागवतसहित वेद र बौद्ध दर्शनमा आधारित रहेर पण्डित पोखरेलले प्रवचन दिने बताइएको छ । महोत्सव आगामी ९ अप्रिलसम्म सञ्चालन हुने संघले जनाएको छ ।

# सबै अस्पतालमा 'द्रुत प्रतिकार्य टोली' गठन गर्न निर्देशन




**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै अस्पतालमा निर्वाचन केन्द्रीत 'द्रुत प्रतिकार्य टोली' गठन गर्न निर्देशन दिएको छ । निर्वाचनमा सम्भावित दुर्घटना कम गर्नका लागि 'द्रुत प्रतिकार्य टोली' गठन गर्न निर्देशन दिइएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले जानकारी दिए ।

उनका अनुसार सङ्घ, प्रदेश र स्थानीय तहका अस्पताललाई अस्पतालको जनशक्ति हेरेर पाँचदेखि २५ जनासम्म रहने गरी 'द्रुत प्रतिकार्य टोली' गठन गर्न निर्देशन दिइएको छ ।

'द्रुत प्रतिकार्य टोलीले जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर निर्वाचनमा घाइतेको उपचार, एम्बुलेन्सको समन्वय गरी घाइतेलाई अस्पतालसम्म ल्याउने काम गर्छ । अस्पतालमा रहेका चिकित्सक रहेको चिकित्सकको टोलीले घाइतेको उपचार गर्नेछ', प्रवक्ता डा.बुढाथोकीले भने ।

उनले निर्वाचनका दिन अस्पतालले बहिरङग सेवा सञ्चालन नगरी आकस्मिक सेवा मात्र सञ्चालन गर्न निर्देशन दिएको बताए ।

यस्तै, मन्त्रालयले ७७ जिल्लामा रहेका जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रलाई पनि तयारी अवस्थामा रहन निर्देशन दिइएको छ । बिहीबार प्रतिनिधिसभा सदस्य निर्वाचन हुँदैछ ।

## निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **पुष्पा उपाध्याय खनाल**<br>बाबु : कृष्ण प्रसाद उपाध्याय<br>बाजे : लक्ष्मी प्रसाद उपाध्याय | भक्तपुर जिल्ला सुर्यविनायक वडा नं.२ | बचत खाता नं. **३४१००१७५२१९२८** | कौशलटार | **२०८२/०१/२१** | भक्तपुर जिल्ला, सुर्यविनायक ०३.वडा नं. बस्ने केशव कुमार उपाध्याय (श्रीमान) |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# ‘आबाट आमा’ बन्यो २०८२ सालमा दोस्रो धेरै कमाउने नेपाली फिल्म

**काठमाडौं/मस–** नेपाली फिल्म बजारमा २०८२ साल उल्लेखनीय उतारचढावसहित अगाडि बढिरहेको छ। यही वर्ष प्रदर्शनमा आएको ‘आबाट आमा’ घरेलु बक्सअफिसमा उल्लेखनीय कमाइ गर्दै वर्षकै दोस्रो धेरै कमाउने नेपाली फिल्म बन्न सफल भएको छ।

निर्देशक चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्मले मंगलबार मध्याह्नसम्म कुल १२ करोड ३९ लाख ८९ हजार २३ रुपैयाँ ग्रस कलेक्सन गरेको तथ्यांक सार्वजनिक भएको छ। सो अवधिसम्म फिल्मका ४ लाख ६९ हजार ४१४ टिकट बिक्री भएका छन्, जसले यसको दर्शक आकर्षण स्पष्ट देखाउँछ।

‘आबाट आमा’ले अभिनेता अनमोल केसी अभिनीत जेरी अन टप को कुल कमाइलाई समेत पछि पारेको छ। ‘जेरी अन टप’ले १२ करोड २६ लाख ६ हजार २४० रुपैयाँ ग्रस कमाएको थियो।

यस उपलब्धिसँगै ‘आबाट आमा’ २०८२ को प्रतिस्पर्धी बजारमा बलियो स्थान सुरक्षित गर्न सफल भएको विश्लेषण गरिँदैछ।

यद्यपि फिल्मले उल्लेखनीय व्यापार गरे पनि अभिनेता पल शाह को करिअरमा भने यो सबैभन्दा धेरै कमाउने फिल्म बन्न सकेको छैन। यसअघि उनले अभिनय गरेको शत्रु गते ले १२ करोड ६५ लाख ८२ हजार १३५ रुपैयाँ ग्रस कमाएको थियो, जुन अहिलेसम्म उनको करिअरको उच्च कमाइ हो।



‘आबाट आमा’ मल्टिस्टारर परियोजना हो। फिल्ममा विपना थापा, प्रदीप रावत, सिम्रन पन्त, उषा उप्रेती र साइग्रेस पोखरेलको पनि अभिनय रहेको छ। पारिवारिक कथावस्तु र भावनात्मक प्रस्तुतीका कारण फिल्मले विभिन्न उमेर समूहका दर्शक तान्न सफल भएको बताइन्छ।

निर्माण पक्षले यस फिल्मको दोस्रो श्रृंखला (सिक्वेल) निर्माण गर्ने घोषणा गरिसकेको छ, जसले यसको लोकप्रियतालाई थप प्रमाणित गर्छ।

२०८२ सालको सर्वाधिक कमाउने नेपाली फिल्म भने ‘परान’ बनेको छ। यसले कुल १७ करोड ८४ लाख ४७ हजार ५७६ रुपैयाँ ग्रस कमाउँदै वर्षकै शीर्ष स्थान ओगटेको छ।

त्यसैगरी ‘ऊनको स्विटर’ले पनि १० करोडको आँकडा पार गर्दै सफलताको सूचीमा आफूलाई उभ्याएको छ। यसले २०८२ साल नेपाली फिल्म उद्योगका लागि व्यावसायिक हिसाबले आशावादी वर्ष बन्दै गएको संकेत गर्छ।

उता, सबै फिल्मले भने समान सफलता हात पार्न सकेका छैनन्। चलचित्र विकास बोर्ड अन्तर्गतको सिनेपाः बक्सअफिसले सार्वजनिक गरेको विवरणअनुसार केही फिल्मको व्यापार अपेक्षाभन्दा निकै कमजोर देखिएको छ।

दिनेश राउत निर्देशित कुमारी ले ६४ लाख ४८ हजार १२६ रुपैयाँ ग्रस कमाएको छ। यो फिल्मलाई अहिलेसम्म १९ हजार ९५९ दर्शकले हेरेका छन्।

त्यस्तै, सुदिप्ता अधिकारी निर्देशित रमिताको पिरती ले २८ लाख ६८ हजार १४३ रुपैयाँ ग्रस कमाएको छ। यसलाई हालसम्म ८ हजार ७३७ दर्शकले मात्र हेरेका छन्।

प्रदर्शनकै क्रममा हलबाट उतारिएको बिगुल को कुल ग्रस कलेक्सन ९ लाख २८ हजार ८६० रुपैयाँ पुगेको छ। यस फिल्मका दर्शक संख्या जम्मा २ हजार ७२२ रहेको छ।

२०८२ सालको मध्यतिर आइपुग्दा नेपाली बक्सअफिसमा केही फिल्मले कीर्तिमानी कमाइ गर्दै उद्योगलाई उत्साह दिएको छ भने केही फिल्म भने दर्शक अभावमा संघर्षरत देखिएका छन्। आगामी महिनामा प्रदर्शनमा आउने नयाँ परियोजनाले यो प्रतिस्पर्धालाई अझ रोचक बनाउने निश्चित देखिन्छ।

# ‘हामी तीन भाइ’को टिजरमा दाजुभाइको मित्रता र खटपटको कथा



**काठमाडौं/मस–** राम नवमीको अवसर पारेर आगामी चैत १३ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म ‘हामी तीन भाइ’को टिजर सार्वजनिक गरिएको छ। निर्माण टिमले फागु पूर्णिमा (होली)को अवसर पारेर सोमबार ओएसआर डिजिटलको युट्युब च्यानलमार्फत टिजर सार्वजनिक गर्दै फिल्मको कथावस्तुबारे प्रारम्भिक झलक दर्शकमाझ प्रस्तुत गरेको हो।

सार्वजनिक टिजरले एउटा गाउँका तीन दाजुभाइको आत्मीय सम्बन्ध, उनीहरूबीचको गहिरो मित्रता र विवाहपछि उत्पन्न हुने मनमुटाव तथा संघर्षलाई संक्षेपमा चित्रण गरेको छ। बाल्यकालमै आमा-बुवा गुमाएका तीन भाइका लागि जेठो दाजु नै अभिभावक बनेको भाव टिजरमा देख्न सकिन्छ। उनीहरू खेतबारीमा गोरूले झैँ आफैं नारिएर जोतिरहेको दृश्यले भाइचारा र परिश्रमको प्रतीकात्मक सन्देश दिन्छ।

तर कथा त्यतिमै सीमित छैन। विवाहपश्चात् परिवारभित्र सुरु हुने सानातिना खटपट र त्यसले भाइबीचको सम्बन्धमा पार्ने प्रभाव टिजरको मुख्य द्वन्द्वका रूपमा प्रस्तुत गरिएको छ। विशेषगरी जेठा दाजु (विनोद न्यौपाने)को विवाहपछि सम्बन्धमा आउने परिवर्तनले कथालाई भावनात्मक मोडतर्फ डोऱ्याएको संकेत मिल्छ। पारिवारिक सम्बन्ध, जिम्मेवारी र आत्मीयताको द्वन्द्वलाई हास्यरससँगै मार्मिक ढंगले प्रस्तुत गर्ने प्रयास गरिएको अनुमान गर्न सकिन्छ।

निर्देशक मधुसुदन भट्टराईको निर्देशनमा बनेको फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाह्नवी बस्नेत, फलित राई, राजाराम पौडेल, रविन्द्र झा, विष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाईं, सुष्मा निरौला, यादव देवकोटा (सरापे), अन्जु हमाल, तारा शर्मा, पवन केसी, रमा बिष्ट, विशेष श्रेष्ठ, सुष्मा जिसवा, शिवबहादुर भण्डारी, गोविन्दप्रसाद पौडेल, भूमिका गिरी, टेकराज पौडेल, अमृतमान महर्जन र सुष्मा जिम्बालगायत कलाकारहरूको अभिनय रहेको छ।

तीन दाजुभाइको भूमिकामा विनोद न्यौपाने, कुशल बिष्ट र फलित राई देखिएका छन्। टिजरमा लक्ष्मी वर्देवा, राजाराम पौडेल र रविन्द्र झाको उपस्थिति पनि उल्लेखनीय देखिन्छ, जसले कथालाई हास्य र भावनात्मक दुवै आयाम दिन सक्ने संकेत गर्छ।

फिल्म प्रसिद्धि सिने आर्टस् प्रा.लि.को ब्यानरमा निर्माण भएको हो। निर्माता त्रिरत्न श्रेष्ठ र मनोज श्रेष्ठ रहेका छन् भने विक्रम तामाङ कार्यकारी निर्माता हुन्। सह-निर्माताामा भक्तलाल श्रेष्ठ, प्रतिमा थापा पोखरेल र दुर्गालक्ष्मी पाण्डे भट्टराई छन्।

साजित महत प्रस्तुतकर्ता रहेको फिल्ममा शिवम् अधिकारीको पटकथा तथा संवाद लेखन, शिव ढकालको छायांकन, बनिष शाहको सम्पादन, कमल राईको नृत्य निर्देशन तथा साप शक्ति र बाबुल गिरीको संगीत रहेको छ।

टिजर हेर्दा ‘हामी तीन भाइ’ पारिवारिक सम्बन्धमा आधारित कथा भए पनि यसमा कमेडी र संवेदनशीलताको सन्तुलित संयोजन रहने अनुमान गर्न सकिन्छ। गाउँघरको परिवेश, श्रमशील जीवनशैली र दाजुभाइबीचको सम्बन्धलाई केन्द्रमा राख्दै नेपाली समाजमा विवाहपछि परिवारभित्र देखिने परिवर्तनलाई फिल्मले उजागर गर्ने देखिन्छ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**
**प्रकाशित मितिः २०८२/११/२०**

यस कार्यालयमा मिति २०७६/०४/०२ मा दर्ता भएको श्री **विश्वकर्मा ग्रुप प्रा.लि. (प्रा.लि. नं. २१८८२२)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०८२/११/२०**

**ए. वान खड्का कन्स्ट्रक्सन प्रा. लि.**को मिति २०८२/०८/१२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **निभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. (दर्ता नं. ३४१६९४)** कायम गर्ने गरी मिति २०८२/०९/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०८२/११/२०**

**हिमालय रेन्ज एड्भेन्चर्स प्रा. लि.**को मिति २०८२/१०/०२ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **रिनभारा थांका आर्ट एण्ड ह्याण्डीक्राफ्ट्स प्रा. लि. (दर्ता नं. १८९४८९)** कायम गर्ने गरी मिति २०८२/१०/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना**

दल बहादुर कामीको नातिनि, हरी बहादुर कामीको छोरी, धन बहादुर वि.क. को पत्नी सल्यान जिल्ला, सिद्धकुमाख गा.पा. वडा नं. ०२ बस्ने, यस बैंकको ढोरचौर शाखा कार्यालयको खातावाला कविता वि.क.को मिति २०८२/०९/२८ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको भतिज गोपाल वि.क.ले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्‌राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६९८, ४२९७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

**कस्तुरी फर्मास्युटिकल्स लि.**
**चितवन**
**विशेष साधारण सभा सम्बन्धी सूचना**
**(प्रकाशित मितिः २०८२/११/२०)**

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको संचालक समितिको मिति २०८२/११/१९ गतेका दिन बसेको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने र उक्त साधारण सभामा निम्न विषयहरु उपर छलफल गरी निर्णय गरिने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, स्थान र समयः**
**मिति : २०८२ साल चैत्र महिना ५ गते बिहिबार**
**स्थान : कम्पनीको प्रधान कार्यालय**
**समय : बिहानको ११:०० बजे**
**छलफलका विषयहरुः**
**(क) सामान्य प्रस्ताव**
१) कम्पनीको जारी पूँजी वृद्धि गर्ने सम्बन्धमा।
२) यस कम्पनीको हाल भै रहेको प्रबन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ र नियम २७ (२) मा संशोधन गर्ने सम्बन्धमा विशेष प्रस्ताव।
३) विविध।



**Absolutely Zero Cost Recruitment Opportunity In Jordan**
**पूर्णतया शुन्य लागत अन्तरगत जोर्डनमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MAS AL SAFI APPAREL LLC — शहरः JORDAN
पूर्व स्वीकृत मितिः २०८१/११/१९ — चलानी नं.: ६०२४२२२३ — LT. No.: 328105 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब JOD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 18 | 34 | स. काममा दक्ष | 220 | ४५,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | ३ वर्ष |

नोटः तलबः JOD २२० (JOD १२५ नगद + JOD ९५ बस्तुगत पारिश्रमिक)

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन २७ गते (11 March 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**SCC Manpower Company Pvt. Ltd.** Govt. Lic. No. 487/061/062
GPO Box 8975 EPC 5219, Maharajgunj, Kapan Marg, Kathmandu
Phone: 01 4545048, 4545148, Fax: 01-4420002, E-mail: info@sccmanpower.com



Insut
**JOB OPPORTUNITY IN MALAYSIA**
**ZERO COST RECRUITMENT !!**
**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

Free visa ! Free ticket ! Free medical checkup ! Free visa processing ! Free transportation (Two ways from hometown to Kathmandu & Kathmandu to hometown) & (one way from hometown to Kathmandu for Departure) ! Free lodging & meals (3 days for interview & 5 days for Departure) ! Free passport ! Free Insurance ! & Free SSF !

निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! निःशुल्क यातायात (अन्तर्वार्ताको लागि घर देखि काठमाडौं दुईतर्फी आउने जाने) र (उडानको लागि घर देखि काठमाडौं एकतर्फी) ! निःशुल्क आवास र खाना (अन्तर्वार्ताका लागि ३ दिन र उडानको लागि ५ दिन) ! निःशुल्क पासपोर्ट ! निःशुल्क बीमा ! निःशुल्क सामाजिक सुरक्षा कोष (SSF) !

**कम्पनी : इन्सुट एसडीएन. बीएचडी.** — **ठेगाना : सेनाइ, जोहोर**
**Company name: INSUT SDN BHD** — **Address: SENAI, JOHOR**

| | | |
|---|---|---|
| पूर्व स्वीकृत मिति : २०८२/११/१९ | चलानी नंः ६०२५३२१० | एल टि नं : ३३९७४० |
| Pre Approval Date: 2026/03/03 | Invoice No.: 60253210 | LT No.: 339740 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुबिधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | कारखाना कामदार (उत्पादन विभाग) Factory Worker (Manufacturing Sec.) | ५२ 52 | २५ 25 | १७०० 1700 | ६३,२२३ 63,223 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोट :- आवेदकहरूलाई कुनै पनि मध्यस्थकर्ता (बिचौलिया) प्रयोग नगरी सिधै आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदकहरू वा आवेदकका परिवारका सदस्यहरूले यस भर्तीको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन। नैतिक भर्ती र पारदर्शिताप्रतिको हाम्रो प्रतिबद्धताको अंशको रूपमा, सबै उम्मेदवारहरूलाई अन्तर्वार्ताको दिन राहदानी (Passport), राष्ट्रिय परिचयपत्र र नागरिकता ल्याउन अनुरोध गरिन्छ। यी कागजातहरू पहिचान प्रमाणीकरण उद्देश्यका लागि र नैतिक भर्ती मापदण्डहरूको पालना सुनिश्चित गर्न कडाइका साथ आवश्यक छन्। तपाईंको सहयोगले हामीलाई सुरक्षित, निष्पक्ष र नैतिक भर्ती वातावरण कायम राख्न मद्दत गर्दछ।

Note :- Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment. As part of our commitment to ethical recruitment and transparency, all candidates are requested to bring original passport, citizenship and national identity documents on the day of interview. These documents are required strictly for identity verification purposes and to ensure compliance with ethical recruitment standards. Your cooperation helps us maintain a safe, fair, and ethical recruitment environment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सामाजिक सुरक्षा कोष लागत व्यवस्थापन Management oF Social Security Fund cost | सेवा शुल्क कस्ले ब्यहोर्ने who will bear service charge |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले विशेष रूपमा यस रोजगारीको लागि राहदानी प्राप्त गरेको अवस्थामा मात्र रु. ५,००० को राहदानी जारी शुल्क लागू हुनेछ। The passport issuance fee of NPR 5,000 shall be applicable only in cases where the worker has obtained the passport specifically for this employment. | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८/- उमेर ३६ देखि ५० : ने.रु.४९३१/- उमेर ५१ देखि ६४ : ने.रु.९४६३/- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगार दाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.२१००/- रोजगारदाताले ब्यहोर्ने NPR 2100/- By the Employer | ने.रु.१५००/- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रु २५९६/- रोजगारदाताले ब्यहोर्ने Rs 2596 By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

नोट : वाईड स्पेस इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट वाईड स्पेस इन्टरनेशनलले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने।

Note: Wide Space International Pvt. Ltd does not have any branch or mediator representative. Wide Space International is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions.

Wide Space International Pvt Ltd is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.

वाईड स्पेस इन्टरनेशनल प्रा.लि.ले “शुन्य लागत” र “नैतीक भर्ती” को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ।

If you have any complaints or feedback, please do contact us via the phone number 9801232117 or email address grievancewsi@widespaceinternational.com.

यदि तपाई सँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई फोन नम्बर ९८०१२३२११७ वा ईमेल ठेगानाः grievancewsi@widespaceinternational.com मार्फत सम्पर्क गर्न सक्नुहुन्छ।

हामी निस्पक्ष, पारदर्शी तथा नैतिक भर्तीको सिद्धान्त पालना गर्दछौं। आवेदनकर्ताहरूको अत्यधिक चाप तथा सीमित कोटाको उपलब्धतालाई ध्यानमा राख्दै, वाईड स्पेसले अन्तिम अन्तर्वार्ताअघि प्रारम्भिक छनोट प्रक्रिया अवलम्बन गर्नेछ। यस प्रक्रियाअन्तर्गत सबै आवेदनकर्तालाई आवेदन दिने अवसर प्रदान गरिनेछ र उनीहरूलाई हाम्रो नैतिक छनोट प्रक्रियामा सहभागी गराइनेछ। उक्त प्रारम्भिक छनोट चरण सफलतापूर्वक पार गरेका उम्मेदवारहरूलाई मात्र अन्तिम अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ।

पूर्व चयन प्रक्रिया २६ फागुन २०८२ बिहान ९ बजे वाईड स्पेस अफिस, अन्तर्वार्ता हल, टुकुचा चोक, गैरीधारा, काठमाडौंमा सञ्चालन हुनेछ।

अन्तिम अन्तर्वार्ता वाईड स्पेस कार्यालय, अन्तर्वार्ता हल, टुकुचा चोक, गैह्रीधारा, काठमाडौंमा २८ र २९ फागुन २०८२ मा सञ्चालन हुनेछ।

(अन्तिम अन्तर्वार्ता समयः बिहान ९:०० बजेदेखि सुरु हुनेछ)

The preliminary screening process will be conducted at Wide Space Office, Interview Hall, Tukucha Chowk. Gairidhara, Kathmandu on 10th March 2026.
(Pre-Interview Registration Time: Starts from 9am)
Final Interview will be held at Wide Space Office, Interview Hall, Tukucha Chowk. Gairidhara, Kathmandu on 12th and 13th March 2026.
(Final Interview Time: Starts from 9 am)

Since the number of applicants is much higher compared to the limited quota available with us, we conduct a pre-screening of workers. If you are planning to come for this company's interview from outside Kathmandu valley, we kindly request you to contact us by phone in advance and travel only after clearly understanding the company's recruitment criteria and related reqauirements.

हामिसङ्ग उपलब्ध सिमित कोटाको तुलनामा आबेदकहरुको संख्या निकै धेरै हुने भयको हुँदा हामिले कामदारहरुको पुर्व-छनोट गर्दछौं। यदि तपाईहरु काठमाडौं बाहिरका जिल्लाहरु बाट यस कम्पनिको अन्तरबार्ताको लागि आउने योजनामा हुनुहुन्छ भने कृपया हामीलाई फोन मार्फत पहिल्यै नै सम्पर्क गरि कम्पनिको भर्ना मापदण्ड आदि बिषयमा प्रष्ट भयर मात्र यात्रा गर्नुहुन अनुरोध गरिन्छ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ३. विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ४. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ५. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 2. Before going abroad orientation or induction training should be attended compulsorily 3. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 4. While going abroad use International Airport of Nepal or else you might be deceived 5. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahachal.

License No. 389/059/060
श्रम इजाजत नं ३८९/०५९/०६०

**Wide Space International Pvt. Ltd**
**वाईड स्पेस इन्टरनेशनल प्रा. लि.**
Harvest Moon Building 4th Floor, Tukucha Chowk-2, Gairidhara, Kathmandu |
Phone: 01-4515562, 4004650, 4004550
Mobile No.: 9801231547 , 9801232109, 9801234685, 9801238198
हार्भेष्टमुन बिल्डिङ्ग चौथौ तल्ला, टुकुचा चोक-२, गैह्रीधारा, काठमाडौं,
फोन नंः ४५१५५६२, ४००४६५०, ४००४५५०,
मोबाइल नं.: ९८०१२३१५४७ , ९८०१२३२१०९, ९८०१२३४६८५, ९८०१२३८१९८

Website QR
Scan this QR to check our website
हाम्रो वेबसाइट हेर्न यो QR स्क्यान गर्नुहोस्।

Location QR
Scan this QR for interview location
अन्तर्वार्ता स्थानको लागि यो QR स्क्यान गर्नुहोस्।

# अर्थतन्त्र सुधारोन्मुख : राष्ट्र बैंक

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १९ फागुन

नेपाल राष्ट्र बैंकले पहिलो पटक अर्ध-वार्षिक रूपमा सार्वजनिक गरेको 'म्याक्रोइकोनोमिक रिपोर्ट' ले मुलुकको अर्थतन्त्र क्रमिक सुधारको दिशामा रहेको देखाएको छ। प्रतिवेदनअनुसार बाह्य क्षेत्र सुदृढ रहे पनि आन्तरिक उत्पादन, कर्जा प्रवाह र सरकारी खर्चका क्षेत्रमा भने अझै केही चुनौतीहरू विद्यमान रहेका छन्।



पछिल्लो समय नेपालको आर्थिक वृद्धिदर मध्यम रहने देखिएको छ। प्रतिवेदनले यस आर्थिक वर्षमा आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण गरेको छ। जुन सरकारले राखेको ६ प्रतिशतको लक्ष्यभन्दा कम हो। विगत एक दशकमा भूकम्प, कोभिड-१९ र राजनीतिक परिवर्तन जस्ता ठूला धक्काहरू सामना गरेको अर्थतन्त्रमा अहिले संरचनात्मक परिवर्तन देखिन थालेको छ। कुल गार्हस्थ्य उत्पादन मासेवा क्षेत्रको हिस्सा बढेर ६२ प्रतिशत पुगेको छ भने कृषि र उद्योग क्षेत्रको हिस्सा क्रमशः खुम्चिँदै गएको प्रतिवेदनमा उल्लेख छ।

महँगीको भारमा भने केही राहत मिल्ने देखिएको छ। वार्षिक ५ प्रतिशतको लक्ष्य राखिएको भए तापनि उपभोक्ता मुद्रास्फीति ४ प्रतिशतको हाराहारीमा सीमित हुने अनुमान गरिएको छ। विशेषगरी खाद्य मुद्रास्फीतिमा आएको स्थिरता र भारतीय बजारमा घटेको मूल्यवृद्धिको प्रभाव नेपालमा पनि देखिएको प्रतिवेदनको निष्कर्ष छ।

बैंकिङ प्रणालीमा पर्याप्त तरलता (नगद प्रवाह) रहेका कारण ब्याजदर इतिहासमै न्यून विन्दुमा झरेको छ। यद्यपि, न्यून ब्याजदर हुँदाहुँदै पनि निजी क्षेत्रतर्फको कर्जा विस्तार भने अझै सुस्त नै रहेको छ। खराब कर्जाको अनुपात केही समय बढे पनि हालका दिनहरूमा यो स्थिर हुन थालेको र बैंकहरूको पुँजी पर्याप्तता अनुपात सन्तोषजनक रहेको प्रतिवेदनले जनाएको छ।

नेपालको बाह्य क्षेत्र मजबुत देखिएको छ। विप्रेषण (रेमिट्यान्स) आप्रवाहमा भएको उच्च वृद्धिका कारण शोधनान्तर स्थिति कीर्तिमानी बचतमा रहेको छ। विदेशी मुद्राको सञ्चिति हालसम्मकै उच्च विन्दुमा पुगेको छ, जसले १८ महिनाभन्दा बढीको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ। तर, निर्यात व्यापार भने अझै पनि खानेतेल जस्ता सीमित वस्तुमा निर्भर रहेकाले यो क्षेत्र दिगो नभएको प्रतिवेदनले सचेत गराएको छ।

सरकारको राजस्व संकलन र पुँजीगत खर्चको अवस्था भने अझै चुनौतीपूर्ण छ। राजस्व परिचालन कोभिड-१९ अघिको अवस्थामा फर्कन सकेको छैन भने पुँजीगत खर्च न्यून हुनु र आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रवृत्ति कायमै रहेको छ। यस्तै, मुलुकको सार्वजनिक ऋण क्रमिक रूपमा बढ्दै गएको भए तापनि यो दक्षिण एसियाली औसतभन्दा कम र दिगो सीमाभित्रै रहेको विश्लेषण गरिएको छ।

आगामी दिनमा विश्व राजनीतिमा देखिने तनाव, व्यापार अनिश्चितता र आन्तरिक राजनीतिक संक्रमणका कारण आर्थिक लक्ष्य प्राप्तिमा केही जोखिमहरू रहन सक्ने प्रतिवेदनले औँल्याएको छ।

# नाग्म-गमगढी सडक कालोपत्रे गर्न ठेक्का आह्वान

**जुम्ला/मस-** राराताल जाने नाग्म-गमगढी सडकको कालोपत्र गर्ने ठेक्का आह्वान गरिएको छ। बजेट अभावका कारण झन्डै तीन वर्षदेखि रोकिएको उक्त सडक यस वर्ष नाग्मदेखि हिमा गाउँपालिकाको देवारगाउँसम्मको करिब १५ किलोमिटर कालोपत्र गर्न बोलपत्र आह्वान गरिएको हो।



सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख श्रवणकुमार महताराका अनुसार यही फागुन १७ गते सार्वजनिक सूचनामार्फत ठेक्का आह्वान गरिएको हो। यसका लागि कुल ९१ करोड ६६ लाख बजेट स्वीकृत भइसकेको छ। ठेक्का प्रक्रियाबाट स्वीकृत प्रस्तावअनुसार लागत निर्धारण गरिने छ। नाग्मदेखि देवारगाउँसम्मको १५ किलोमिटर खण्डमा उच्चस्तरीय कालोपत्र, विशेषगरी अस्फाल्ट कंक्रिट प्रविधि प्रयोग हुने भएको छ।

नाग्म-गमगढी राजमार्गका लागि बहुवर्षीय बजेटसमेत स्वीकृत भइसकेकाले दीर्घकालीन रूपमा निर्माण कार्यले निरन्तरता पाउने अपेक्षा गरिएको कार्यालय प्रमुख महताराको भनाइ छ।

चार वर्षअगाडि यहाँको कनकासुन्दरी गाउँपालिका क्षेत्रमा करिब ६ किलोमिटर मात्र कालोपत्र गरिएको थियो। बजेटको सुनिश्चिता नहुँदा नाग्म-गमगढी सडक स्तरवृद्धि हुन सकेको थिएन। अब बजेटको सुनिश्चित भएसँगै कालोपत्रको कामलाई तीव्र गतिमा अगाडि बढ्ने प्रमुख महताराले बताए। नाग्म-गमगढी सडक स्तरवृद्धि नहुँदा राराताल आउने पर्यटकलाई सास्ती हुने गरेको थियो।

# नेप्से परिसूचक ३८ अंकले बढ्यो

**काठमाडौं/मस-** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३८ दशमलव ५२ अंकले बढेर दुई हजार ७१२ दशमलव ४९ को बिन्दुमा कायम भएको छ। मंगलबार नेप्से परिसूचक एक दशमलव ४४ प्रतिशतले बढेको हो।



मंगलबार ३२९ कम्पनीको एक करोड ५१ लाख ८४ हजार ६०७ कित्ता सेयर ६१ हजार ३२९ पटक खरिदबिक्री हुँदा छ अर्ब २३ करोड ४३ लाख ८१ हजार ४८० बराबरको कारोबार भएको थियो। सो कारोबारमा व्यापार समूह शून्य दशमलव ८४ प्रतिशतले घट्यो भने अरू सबै समूहको उपसूचक बढ्यो। बैंकिङ एक दशमलव ६४, विकास बैंक एक दशमलव ५९, वित्त एक दशमलव ४३, होटल तथा पर्यटन एक दशमलव ६०, जलविद्युत् दुई दशमलव १३ र लगानी समूह शून्य दशमलव ५२ प्रतिशतले बढ्यो। त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ४९, लघुवित्त एक दशमलव ६६, म्युचुअल फन्ड शून्य दशमलव ८२, निर्जीवन बिमा एक दशमलव ११ र अन्य समूह एक दशमलव ०३ प्रतिशतले बढ्यो। सालपा विकास बैंक लिमिटेडको सेयर मूल्य मंगलबार सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढ्यो। सबैभन्दा धेरै घट्नेमा भने शुभम् पावर लिमिटेडको सेयर मूल्य दुई दशमलव ३२ प्रतिशतले घट्यो।

कारोबार रकम र सेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको ३४ करोड ६५ लाख ३० हजार ३७९ बराबरको नौ लाख ३६ हजार ३४७ कित्ता किनबेच भएको नेप्सेले जनाएको छ।



**हाटबजार :** सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाको अकाहाको हाटबजार कृषि उपज किनमेल गर्दै। **तस्विर : नवीन गड्तौला/रासस**

# फेब्रुअरीमा एक लाख बढी पर्यटक आए नेपाल

**काठमाडौं/मस-** सन् २०२६ को फेब्रुअरी महिनामा नेपालमा एक लाख बढी संख्यामा पर्यटक घुम्न आए। नेपाल पर्यटन बोर्डकोतथ्यांक अनुसार सो अवधिमा विश्वका विभिन्न मुलुकबाट एक लाख ५ हजार ४४१ विदेशी पर्यटक नेपाल आएका हुन्।



अघिल्लो वर्षको सोही अवधिको तुलनामा यो ८ दशमलब ८ प्रतिशतले धेरै हो। गत वर्ष सोही अवधिमा ९६ हजार ८ सय ८० संख्यामा पर्यटक नेपाल भित्रिएका थिए।

तथ्यांकअनुसार समीक्षा अवधिमा आएका पर्यटकमध्ये सबैभन्दा धेरै दक्षिण एसिया क्षेत्रबाट ३३.५ प्रतिशत र एसियाका (अन्य) क्षेत्रबाट २९.८ प्रतिशत, युरोपबाट १६.६ प्रतिशत र अमेरिकाबाट ११.२ प्रतिशत पर्यटक आएका थिए।

अघिल्लो महिना जनवरीमा विभिन्न मुलुकबाट ९२ हजार ७ सय ५३ जना पर्यटक नेपाल घुम्न आएका थिए।

# मतदानको दिनबाहेक बैंकिङ सेवा सुचारु रहने

**काठमाडौं/मस-** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सरकारले सार्वजनिक बिदा घोषणा गरे तापनि राष्ट्र बैंकले मतदानको दिन बाहेक अन्य बिदाका दिनहरूमा बैंकहरूलाई सेवा प्रवाह गर्न निर्देशन दिएको छ।




निर्वाचन आयोगको आग्रहमा केन्द्रीय बैंकले मंगलबार एक सूचना जारी गर्दै निर्वाचन अवधिभर वित्तीय कारोबारलाई सहज बनाउन यस्तो व्यवस्था मिलाएको हो।

सरकारले निर्वाचनका लागि फागुन २०, २१ र २२ गते गरी तीन दिन सार्वजनिक बिदा दिएको छ। राष्ट्र बैंकको नयाँ निर्देशन अनुसार, फागुन २१ गते (मतदानको दिन) बाहेक सबै सार्वजनिक बिदाका दिनहरूमा पनि बैंक तथा वित्तीय संस्थाहरूले निश्चित सेवाहरू प्रदान गर्नुपर्नेछ।

विशेष गरी सरकारी कारोबार गर्ने वाणिज्य बैंकहरूले भुक्तानी र राजस्व संकलनका कामहरू रोक्न पाउने छैनन्। यसका अतिरिक्त राजनीतिक दल र उम्मेदवारका लागि निर्वाचन प्रचारप्रसारका लागि बैंक खाता सञ्चालन गर्ने उम्मेदवार र दलहरूले नगद वा चेक जम्मा गर्ने तथा भुक्तानी लिने सुविधाहरू पाउनेछन्।

निर्वाचन आयोगको फागुन १९ गतेको निर्णय बमोजिम राष्ट्र बैंकले यो निर्देशन जारी गरेको हो, जसले निर्वाचनको समयमा हुने ठूलो परिमाणको वित्तीय कारोबार र सरकारी राजस्व प्रक्रियालाई निरन्तरता दिने अपेक्षा गरिएको छ।

# जानकी फाइनान्सको सिइओमा शर्मा पुनः नियुक्त



**काठमाडौं/मस-** जानकी फाइनान्स कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदमा दिनेश कुमार शर्मा पुनः नियुक्त भएका छन्।

फागुन १७ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले शर्मालाई सिइओ पदमा पुनः नियुक्त गर्ने निर्णय गरेको हो। उनको नयाँ कार्यकाल फागुन २९ गतेदेखि लागू हुने जनाइएको छ।

# ट्रान्क्युलिटी स्पा अब भैरहवाको सिद्धार्थ विलासामा

**रुपन्देही/मस-** नेपालको अग्रणी स्पा तथा वेलनेस सेन्टर ट्रान्क्युलिटी स्पाले लुम्बिनी प्रदेशको प्रमुख पर्यटकीय सहर भैरहवा स्थित सिद्धार्थ विलासामा आफ्नो सेवा औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ। द सोल्टी काठमाडौं, र्‍याडिसन होटल, रोयल टुलिप काठमाडौं, रोयल टुलिप चितवन, माउन्टेन ग्लोरी पोखरा लगायत देशका विभिन्न प्रतिष्ठित होटलहरूमा सेवा बिस्तार गरिसकेको ट्रान्क्यूलिटी स्पाले अब लुम्बिनी प्रदेशमा पनि आफ्नो सेवा बिस्तार गरेको हो।




शान्ति र वेलनेस एकै सिक्काका दुई पाटा जस्तै हुन् त्यसैले 'लुम्बिनीको प्रवेशद्वार' भनेर चिनिने भैरहवामा स्थापना गरिएको यो सुविधासम्पन्न स्पा तथा वेलनेस सेन्टरले स्वदेशी तथा विदेशी पर्यटकहरूलाई मनको शान्ति र शारीरिक आराम प्रदान गर्ने उद्देश्यसहित गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ। नयाँ शाखामा विभिन्न प्रकारका हाईड्रो थर्मल थेरापी, सैलुन सेवा, स्विमिङ, जिम, परम्परागत नेपाली मसाज उपचार लगायत समग्र वेलनेसका सेवाहरू उपलब्ध रहेको जनाइएको छ।

स्पाका कार्यकारी निर्देशक सुरेश पुरीले काठमाडौं बाहिर पनि गुणस्तरीय वेलनेस सेवा विस्तार गर्ने संस्थाको दीर्घकालीन लक्ष्यअनुसार यो कदम चालिएको बताए। उनका अनुसार प्रमूख पर्यटकीय तथा आतिथ्य क्षेत्रहरूमा स्पा सेवाको पहुँच विस्तार गर्नु कम्पनीको प्राथमिकता रहेको छ।

# वीरगञ्ज हुँदै पाँच खर्ब १९ अर्बको सामान आयात


**वीरगञ्ज/मस-** वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा पाँच खर्ब १९ अर्ब एक करोड मूल्य बराबरका वस्तु तथा सामान आयात गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा ५७ अर्ब ३१ करोड अर्थात् १२ प्रतिशत बढी सामान आयात भएको हो।




वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा आयातमा उल्लेखनीय वृद्धि भएको बताए। 'चालु आवमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सामानहरूको आयातको हिस्सा बढी देखिन्छ', उनले भने। गत आवको सात महिनामा चार खर्ब ६० अर्ब २३ करोड मूल्य बराबरका सामान आयात भएको थियो।

चालु आवको सात महिनामा एक खर्ब छ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात गरिएको छ। त्यसैगरी, ४६ अर्ब १६ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरूको आयात गरिएको छ।

सोही अवधिमा ३५ अर्ब ८७ करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात गरिएको छ। ३५ अर्ब ६७ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको जनाइएको छ। २७ अर्ब ९८ करोड मूल्य पर्ने इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जाको आयात गरिएको भन्सार कार्यालयले जनाएको छ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**